'अनुचित लेनदेनमा सङ्लग्नलाई कानुन बमोजिम कारबाही हुन्छ' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २७७ • २०८१ साल फाल्गुन १९ गते सोमबार (3 March, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सरकारको समर्थन जारी राख्ने आधार छैन

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी(जसपा) नेपालले सरकारलाई दिएको समर्थन जारी राख्नुको औचित्य नरहेको केन्द्रीय समितिको बैठकबाट निर्णय गर्न लागेको छ।

सरकारलाई बाहिरबाट समर्थन गरिरहेको जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले आइतबारबाट प्रारम्भ भएको केन्द्रीय समितिको बैठकमा प्रस्तुत गरेको प्रतिवेदनमा सरकार सबै क्षेत्रमा असफल भएको उल्लेख गरेका छन् ।

तीन दिनसम्म चल्ने बैठकको पहिलो दिन अध्यक्ष यादवले समग्र राजनीति र महासचिव लालबाबु राउतले संगठन र भावी कार्यदिशा विषयक प्रतिवेदन पेस गरेका छन् ।

बैठकमा जनतासँग जसपा अभियानका अभियन्ताहरुले प्रतिवेदन प्रस्तुत गर्ने क्रम सुरु भएको र सोमबार समूहगत छलफल हुने महासचिव रामकुमार शर्माले बताए ।

भूमिसम्बन्धी अध्यादेशमा सरकारलाई समर्थन नगर्ने अडानमा रहेको जसपा नेपालले केन्द्रीय समिति बैठकबाट नै सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गर्ने शर्माले जनाए ।

'सरकारलाई समर्थन दिनुको औचित्य नै सकिएको छ ' उनले भने, भ्रष्टाचारलाई मलजल गर्ने सरकारलाई समर्थन गर्न सकिदैन ।

### आठ प्रतिशतमा योजना बेच्दै मन्त्री

# मधेश प्रदेशका मन्त्री दलालको रेट २० प्रतिशत, सरकारमा कलह

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारमा नेकपा एमालेबाट खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद कुमार जयसवालले ८ प्रतिशत लिएर योजना बिक्री गरिरहेका छन् ।रातो किताबमा उल्लेखित योजनाहरुको उपभोक्ताबाट काम गराउन सरकारले संकल्प प्रस्तावबाट मार्ग प्रशस्त गरेसँगै योजनाहरुको बिक्रीमा मन्त्री सक्रिय भएका छन् ।

सरकारले बजेट र नीति तथा कार्यक्रममा उपभोक्ता समिति मार्फत काम नगर्ने प्रतिबद्धता जनाए पनि मन्त्री र सांसदको कमाउने धन्धा बन्द हुने निष्कर्ष निकाल्दै प्रदेश सभाबाट संकल्प प्रस्ताव पारितगरी उपभोक्ता समितिबाट काम गराउन थालिएको छ ।

उपभोक्ता समितिबाट काम हुने निर्णय भए लगतै सांसद र मन्त्रीहरुले योजनाहरुको कार्यादेश आफ्नो नियन्त्रणमा लिएका छन् ।सरदर २० प्रतिशत अग्रीम कमिसन लिएर कार्यदेश बाँडन मन्त्री स्वयं सक्रिय छन् । केही मन्त्रीहरुले जिल्लागत रुपमा दलालहरु परिचालन गरेका छन् ।युवा, खेलकुद मन्त्री जयसवालले ८ प्रतिशत आफै बुझेर दलाललाई त्यसबाहेकको रकम लिने जिम्मा दिने गरेको बताइएको छ ।

स्वतन्त्र रुपमा पर्सा जिल्लाबाट निर्वाचन जितेका जयसवालले एमालेसित 'वार्गेनिंग'गरी शिक्षा तथा संस्कृति मन्त्री बनेका थिए ।

जनमत पार्टीका सतीश कुमार सिंह नेतृत्वको सरकारमा खेलकुद तथा समाजकल्याण मन्त्री बनेका जयसवालले प्रारम्भदेखि नै 'कमाउ धन्धा'मा केन्द्रित भएको आरोप लाग्दै आएको छ ।




दलाल मार्फत अग्रीम रकम लिएर मन्त्रीले कार्यादेश दलाललाई दिने र दलालले २० प्रतिशत सम्म अग्रीम रकम लिएर योजना बेच्ने गरेका छन् ।

एमालेबाट मन्त्री बनेका जयसवालले अर्का मन्त्रीको क्षेत्रमा परेको योजनाबाट समेत कमिसन लिने गरेको नाम सार्वजनिक नगर्ने शर्तमा एकजना मन्त्रीले बताएका छन् ।मन्त्रीले आफ्ना मानिसलाई अर्को मन्त्रालयबाट कार्यादेश दिलाउन २० प्रतिशत बुझाउनै पर्ने बाध्यता यस पटक भएको उनले बताए ।

'गत वर्ष सम्म मन्त्रीको योजनामा कमिसन लिनेदिने चलन थिएन्' ती मन्त्रीले भने, यस वर्ष त मन्त्रीले मन्त्रीलाई नै नचिन्ने भएपछि सांसद र अन्य नेताहरुले अग्रीम कमिसन बुझाउनै पर्ने बाध्यता छ ।

प्रदेश सरकारको आधा जति योजनाको कार्यादेश बिक्री भइसकेको उनले बताए ।बाँकी रहेको कार्यादेशमा मन्त्रीहरुबीच विवाद भएकाले मात्र रोकिएको हो ।

नेपाली कांग्रेसका मन्त्रीहरुले एमालेका मन्त्रीहरुले गन्हाउने गरी योजना बिक्री गरिरहेको आरोप लगाउन थालेका छन् ।'एमालेका मन्त्रीहरुको फेरि सरकारमा नजाने निश्चित नै भएको बुझाइ छ 'कांग्रेसका एकजना मन्त्रीले भने, उनीहरुले गठबन्धनको भावना विपरीत काम गरिरहेका छन् ।

> 'गत वर्ष सम्म मन्त्रीको योजनामा कमिसन लिनेदिने चलन थिएन्' ती मन्त्रीले भने, यस वर्ष त मन्त्रीले मन्त्रीलाई नै नचिन्ने भएपछि सांसद र अन्य नेताहरुले अग्रीम कमिसन बुझाउनै पर्ने बाध्यता छ ।

तर एमालेका मन्त्रीहरुले कांग्रेसका मन्त्रीहरुले चरम बदमासी गरेको आरोप लगाउने गरेका छन् ।'कांग्रेसका मन्त्रीहरुले एमालेको मन्त्री र सांसदको क्षेत्रमा राखिएको योजनाहरु समेत आफ्नै दलका कार्यकर्ताहरुलाई दिने गरेका छन्' एमालेका एकजना मन्त्रीले भने, कांग्रेस चोखो होइन् ।

मधेश प्रदेश सरकारमा मन्त्रीहरुबीच कलह देखिएको छ ।एउटा मन्त्रीले अर्का मन्त्रीको खेदो खनिरहेका छन् ।मुख्यमन्त्री सिंहले कमिसन पाउने धन्धाहरुमा जुटेको आरोप छ ।विभागीय मन्त्रीलाई समेत जानकारी नदिइ मुख्यमन्त्री स्वयंले अवैध असुलीका लागि आफै अग्रसर भएको आरोप लाग्न थालेको छ ।

जनमत पार्टीको मुख्यमन्त्री रहे पनि कांग्रेस र एमालेले आफ्नै ढंगबाट काम गरिरहेको बताइन्छ।कांग्रेस र एमालेबीच समन्वय नहुँदा मुख्यमन्त्री समेत तनावमा परेको स्रोतले जनाएका छन् ।

स्रोतका अनुसार मुख्यमन्त्रीले राख्न लगाएको योजनाको कार्यादेश लिन पनि अग्रीम कमिसन दिनु परिरहेको छ ।जिल्लागत रुपमा खटाइएका दलालहरुसित मुख्यमन्त्री सिंहले योजनाको विषयमा छलफल गर्न बाध्य बनाइएको छ ।

मन्त्रीहरुले मुख्यमन्त्रीसित छलफल गर्न दलालहरुलाई नै अगाडी सारेका छन् । मन्त्रीहरुले मोबाइल फोन स्विच अफ राख्ने र मन्त्रालय बाहिरबाट नै सबै कार्यादेश बिक्री गरिन्छ ।

सम्बन्धित जिल्लाको कार्यालयबाट कार्यदेश चलानी गराएर मन्त्रीले दलालहरुको जिम्मा लगाएका छन् ।दलालहरुले नै कार्यदेश दिएपछि सोझै वडा कार्यालयमा दर्तागरी उपभोक्ता समिति गठन गरिन्छ ।

प्राविधिक कर्मचारीहरुका अनुसार हाल सम्म इस्टिमेट गराउन दबाब बढेको छैन् ।तर अर्को हप्तादेखि इस्टिमेटको चाप बढ्ने उनीहरुको अनुमान छ ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा उपभोक्ता समितिबाट पनि बढी काम हुने प्राविधिकहरुको कथन छ ।विगतमा जेठ, असार महिनामा उपभोक्ता समिति बनाएर काम गराइन्थ्यो ।तर चालु आर्थिक वर्षमा फागुनको पहिलो हप्तादेखि नै उपभोक्ता समिति गठन हुन थालेको छ ।







# देश विकासका निम्ति सबै दल एकै ठाउँमा उभिनुपर्छः सांसद कोइराला

काठमाण्डु । राष्ट्रियसभाको सदस्य भएको एक वर्ष मात्र भयो । यो एक वर्ष राष्ट्रियसभामा रहँदैगर्दा धैरै अनुभव लिन पाएँ । पहिलो कुरा त कानुन निर्माण गर्ने विषयमा धैरै कुरा अध्ययन गर्ने मौका मिल्यो । कानुन निर्माण गर्ने क्रममा संविधान र पुराना कानुनहरु अध्ययन गरेँ । यसबाहेक, एक वर्षको अवधिमा मैले धैरै पटक राष्ट्रियसभामा महिला हिंसाका घटनामा सरकारको ध्यानाकर्षण गरेकी छु । महिलाको अधिकारको निम्ति आवाज उठाएकी छु । अहिलेको सरकारले पनि महिलाको अधिकारको निम्ति राम्रो काम गरेको छ । अर्को कुरा, म कोशी प्रदेशबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्छु । त्यसैले मेरो क्षेत्रका जनताका समसामयिक मुद्दालाई सभामा जोडतोडका साथ उठाउँदै आएकी छु ।



मेरो व्यक्तिगत अनुभवले के भन्छ भने, यो दश वर्षको अवधिमा संविधान कार्यान्वयन भएको छ । सबैले चाहेको जस्तो त कहाँ हुन्छ र ? तर पनि समग्रमा हेर्दा कार्यान्वयन भएको भन्नुपर्छ । नेपालको संविधानलाई अरु देशको संविधानभन्दा राम्रो छ भनिएको छ । अहिले फेरि, संविधान संशोधन गर्ने भनेरै दुई ठूला दल नेकपा (एमाले) र नेपाली कांग्रेस मिलेर सरकार गठन भएको छ । संविधान संशोधन गर्नुपर्छ, तर संशोधन के विषयमा गर्ने हो, त्यसमा दलहरु प्रष्ट हुनुपर्छ । संविधान संशोधन गर्दा सबै दलको सहमतिको आधारमा गर्नुपर्छ । संशोधनको विषयमा सबैसँग पर्याप्त छलफल हुन जरुरी छ । महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ति र उत्पीडनमा परेका समुदायको अधिकार कटौती हुनेगरी संशोधन गर्न हुन्न । सीमान्तकृत समुदायको लामो सङ्घर्षबाट उनीहरुले संवैधानिक अधिकार प्राप्त गरेका हुन् । चानेचुने सङ्घर्षबाट यो अधिकार प्राप्त भएको होइन । समानुपातिक निर्वाचन प्रणाली पनि हामीले लडेर, सोचविचार गरेरैल्याएको हो । त्यसमा डराउनै पर्दैन ।

पछिल्लो समय सरकारले विकासका कार्यलाई तीव्रता दिन, सुशासन कायम गर्न, रोजगारी सिर्जना तथा तथा लगानीको वातावरण निर्माण गर्न सरकारले छ वटा अध्यादेश अघि सारेको छ, र ती अहिले संसद्मा विचाराधीन अवस्थामा छन् । सरकारले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, 'निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१,' आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ र 'सुशासन प्रवर्द्धनसम्बन्धी अध्यादेश, २०८१ ल्याएको छ । यी अध्यादेशहरुको अन्तवस्तुमा कुनैपनि दलले विमती राखेको देखिन्न । सरकारले विधेयक नै ल्याउन पाउँदैन भन्ने विपक्षी दलहरुको आरोप सुन्छु, तर हामी सबै नकारात्मक सोचबाट मुक्त हुनुपर्छ ।

देशमा केही भएको छैन भनेर निरन्तर अफवाह फैल्याउनु पनि उचित छैन, र केही न केही काम भइरहेकै छन् । हुँदैछ, भएको छ भन्ने सोचका साथ अगाडि बढ्नुपर्छ । अरु बेला झगडा गरेपनि देश विकासका निम्ति सबै राजनीतिक दल एकै ठाउँमा उभिनुपर्छ । सबै दलहरु मिलेर देशको व्यवस्था परिवर्तन भएको हो । अब जनताको अवस्था परिवर्तन गर्नका लागि पनि संसद्मा भएका सबै राजनीतिक दलहरु एकै ठाउँमा उभिनुपर्छ । एकले अर्कालाई गाली गरेर, आरोप लगाएर होइन कि आपसमा सहकार्य गरेर जानुपर्छ ।

मन्त्रालयहरुबीच गहन समन्वय नहुँदा पनि विकासका कैयौं कार्यमा अवरोध भएको देखिन्छ । अर्को, देशको विकासको निम्ति सङ्घ, प्रदेश र स्थानीय सहकारबीच समन्वय हुन जरुरी छ । एकले अर्कालाई सहयोग गर्नुपर्छ । किनभने एउटा मन्त्रालयले बाटो बनाएको छ, अर्को मन्त्रालयले ढलको लागि भन्दै त्यही बाटो फेरि भत्काएको देखिन्छ । अर्को मन्त्रालयले बिजुलीको लागि भन्दै बाटो भत्काएको छ । यो प्रवृत्ति रोक्न कानुनी पक्षका साथै अन्तर-निका समन्वय जरुरी हुन्छ । कतिपय अवस्थामा हामी अहिले पनि १३ साल, १९ सालका ऐनबाट निर्देशित छौं ।

सरकारले सुशासनको लागि नै काम गरिरहेको छ । भ्रष्टाचारीलाई पनि कारबाही गरिरहेको छ । सुशासनको लागि हाम्रो पनि हात हुन्छ । हाम्रो पनि भूमिका हुन्छ । कतिपय दलहरुले विकास गर्दा विरोधका लागि विरोध मात्रै गरेको पाइन्छ । भित्रि रुपमा विकास भएहुन्थ्यो भन्ने तर बाहिर विरोध गर्ने गरेको देखिन्छ । कम्तीमा सरकारले गरेका राम्रा कामलाई राम्रो गरेको छ भन्नुपर्छ । यस्तो कुरा जसको सरकार बन्दा पनि हुन्छ । अब म राष्ट्रियसभामा जतिन्जेल बस्छु, त्यतिन्जेल कानुन निर्माणमै लाग्ने योजना छ । जनताको पक्षमा कानुन बनाउनका लागि पहल गर्ने योजना छ । महिलाको अधिकारको निम्ति आवाज उठाउने योजना छ । अहिले पनि विभिन्न बहानामा महिलामाथि हुने हिंसा रोकिएको छैन । महिलाहरु बलात्कारमा परेका छन् । त्यसको लागि आवाज उठाउनेछु ।

नेकपा (एमाले) निकट अखिल नेपाल महिला सङ्घको केन्द्रीय सदस्य रुक्मिणी कोइराला राष्ट्रियसभाको सदस्य हुनुहुन्छ । विद्यार्थीकालदेखि महिला अधिकारको निम्ति वकालत गर्दै आउनु भएकी कोइराला २०३६ सालतिर पार्टीमा आवद्ध हुँदै भूमिगत पनि हुनुभएको थियो । राष्ट्रियसभा अन्तर्गतको 'सार्वजनिक नीति तथा प्रत्यायोजित समितिमा पनि उहाँ सदस्य हुनुहुन्छ । उहाँले एमाले कोशी प्रदेश सदस्य रहेर पनि काम गर्नुभएको थियो ।रासस

# आठ अर्ब ६८ करोड मूल्य धान-चामल आयात



वीरगञ्ज । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु आठ अर्ब ६८ करोड मूल्य पर्ने २२ करोड ६४ लाख आठ हजार दुई सय २९ किलोग्राम धान आयात भएको छ ।

गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा धानको आयात ७२ प्रतिशतले वृद्धि भएको हो । गत आवको सोही अवधिमा यो नाका हुँदै रु चार अर्ब ९१ करोड मूल्य पर्ने १३ करोड १८ लाख ५९ हजार चार सय १६ किलोग्राम धान आयात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवको सात महिनामा धान र चामलको आयातमा वृद्धि भएको बताउनुभयो ।

"गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा धान-चामलको आयात बढेको देखिन्छ ।"

> गत आवको सोही अवधिमा यो नाका हुँदै रु चार अर्ब ९१ करोड मूल्य पर्ने १३ करोड १८ लाख ५९ हजार चार सय १६ किलोग्राम धान आयात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवको सात महिनामा धान र चामलको आयातमा वृद्धि भएको बताउनुभयो ।

कृषिप्रधान मुलुक नेपालमा धान मात्र नभएर चामल पनि विदेशी मुलुकबाट आयात हुँदै आइरहेको छ ।

चालु आवको सात महिनामा यो नाका हुँदै रु एक अर्ब ३५ करोड मूल्यको एक करोड ३३ लाख ७४ हजार आठ सय २६ किलोग्राम चामल आयात भएको छ ।

जबकि गत आवको सोही अवधिमा भने रु एक अर्ब छ करोडको ८१ लाख १७ हजार एक सय ३० किलोग्राम चामल आयात भएको थियो । चालु आवको सात महिनामा रु दुई अर्ब ९६ करोड मूल्यको पाँच करोड ७७ लाख १४ हजार पाँच सय ८३ किलोग्राम मकै आयात भएको छ ।

जबकि गत आवको सोही अवधिमा भने रु दुई अर्ब ९७ करोड मूल्य पर्ने छ करोड ६० लाख ४९ हजार नौ सय ७२ किलोग्राम मकै आयात भएको थियो । गत आवको तुलनामा चालु आवको सोही अवधिमा मकैको आयातमा भने सामान्य गिरावट देखिएको छ ।रासस

# एमालेले मधेश प्रदेशका नेता तथा कार्यकर्तालाई आर्थिक र लेखा सम्बन्धी तालिम दिँदै

टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमालेले मधेश प्रदेशका नेतृत्वमा रहेका नेता कार्यकर्तालाई लेखा विषयक तालिम शुरु भएको छ । पार्टीको आर्थिक पाटो पारदर्शी बनाउन, पार्टी कमिटीलाई आर्थिकरुपमा अनुशासित, व्यवस्थित, चुस्तदुरुस्त बनाउनुका साथै लेखा प्रणाली अन्तर्गत नेता तथा कार्यकर्तालाई हरहिसाब राख्नसक्ने बनाउनको लागि प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको एमाले मधेश प्रदेश कमिटीका सचिव मनोज पौडेलले जानकारी दिए ।




एमाले केन्द्रीय लेखा आयोग र मधेश प्रदेश कमिटीको संयुक्त आयोजनामा आर्थिक तथा लेखा व्यवस्थापन प्रशिक्षण कार्यक्रम २ दिनसम्म जनकपुरधाममा चल्ने छ । प्रशिक्षण कार्यक्रमको उद्घाटन केन्द्रीय लेखा आयोगका अध्यक्ष डा. पुष्प कंडेलले गरेका थिए । सो कार्यक्रममा एमाले मधेश प्रदेश कमिटीका इन्चार्ज लीलानाथ श्रेष्ठले कार्यक्रम सफलताको शुभकामना दिए ।

प्रदेश कमिटी अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा, प्रदेश सचिव मनोज पौडेलको सहजीकरणमा उपाध्यक्ष बिचारी यादबले स्वागत गरेको कार्यक्रम शिव अधिकारी, मिनराज कंडेल र बद्री अधिकारीले प्रशिक्षण दिएको छ ।

सो कार्यक्रममा एमालेका प्रदेश पदाधिकारी, लेखा समितिका पदाधिकारी तथा सदस्यहरु, ८ वटै जिल्लाका अध्यक्ष, कार्यालय सचिव, बित्त विभाग प्रमुख र जिल्ला लेखा कमिटीका अध्यक्षहरुको सहभागिता रहेको छ ।

# सार्वजनिक सञ्चारमाध्यमका पत्रकारका लागि क्षमता विकास कार्यक्रम

काठमाण्डु । आमसञ्चारलाई व्यावसायिक,खोजमूलकरविश्लेषणत्मक बनाउने उद्देश्यले सार्वजनिक सञ्चारमाध्यममा क्रियाशील पत्रकारका लागि एक दिवसीय क्षमता विकास कार्यक्रम आयोजना गरिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आयोजना र राष्ट्रिय समाचार समिति (रासस)को व्यवस्थापनमा आयोजित क्षमता विकास कार्यक्रममा सार्वजनिक सञ्चारमाध्यमका करिब ४० जना पत्रकारको सहभागिता रहेको छ ।

कार्यक्रमको उद्घाटन गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव गजेन्द्रकुमार ठाकुरले पत्रकारको अभिमुखिकरण कार्यक्रमले व्यावसायिक पत्रकारितामा निखार ल्याउन र भइरहेका अभ्यासबारे विचार, अनुभव, ज्ञान र सीप आदन-प्रदान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।




"मन्त्रालयले नीति बनाउने र क्षमता विकासका कार्यक्रमलाई प्राथमिकता दिएर क्षमता विकासको प्याकेजलाई आगामी दिनमा कसरी लैजान सकिन्छ भनेर एक दिने अभिमुखीकरण आयोजना गरिएकोहो", उहाँलेभन्नुभयो, "यसबाट आगामी दिनमा क्षमता विकासको प्याकेज र नीतिगत रुपमा गर्नुपर्ने सम्बोधनलगायत विषयमा राय सुझाव लिन मद्दत पुग्नेछ ।" निमित्त सचिव ठाकुरले अभिमुखीकरण कार्यक्रमलाई समन्वय र व्यवस्थापन गर्ने कार्यमा राससले खेलेको भूमिकाप्रति मन्त्रालयकोतर्फबाट आभार प्रकट गर्दै आगामी दिनमा यस्ता कार्यक्रमलाई नतिजामूलक बनाउन समन्वय र सहकार्य गरेर मन्त्रालय अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले पत्रकारिता जगतमा नयाँ-नयाँ प्रयोग भइरहेको सन्दर्भमा सार्वजनिक सञ्चारमाध्यममा क्रियाशील पत्रकारको क्षमता अभिवृद्धिका लागि कार्यक्रमले सहयोग पुग्ने बताउनुभयो । पछिल्ला दिनमा नेपाली मिडियामा खोजमुलक र व्यावसायिक पत्रकारिताको अभाव खड्किएको र औपचारिकतालाई बढी प्राथमिकता दिइरहेको सन्दर्भमा व्यावसायिक पत्रकारिताको उच्चतम अभ्यासलाई ध्यान दिएर अभिमुखीकरण गरिएको बताउनुभयो ।रासस

# रिंकुको शंकास्पद मृत्यु प्रकरणमा दोषीलाई कडा कारबाही गरिने

टुडे समाचारदाता

जनकपुरधाम । गृहमन्त्री रमेश लेखकले सिराहको नवराजपुर गाउँपालिकाकी १७ वर्षीय रिंकुकुमारी सदायको सामूहिक बलात्कारपछि मृत्यु भएको घटनामा दोषीलाई कडा कारबाही हुने प्रतिबद्धता जनाएका छन् ।

आइतबार राष्ट्रिय सभामा बोल्दै उनले यस घटनामा संलग्न भएका मानिसहरूलाई क्रियाशिलतापूर्वक खोजतलास गर्ने, अनुसन्धान गर्ने र कानुन बमोजिम कडा कारबाही गर्ने कुरामा पूर्ण प्रतिवद्ध रहेको र सम्मानित सदनमा पुनः प्रतिवद्धता व्यक्त गर्न चाहेको बताए ।

गृहमन्त्री लेखकका अनुसार गत माघ ३० गते रिंकु कुमारी आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । यो सम्बन्धमा स्थानीय १९ वर्षीय रुपेश मण्डलको विरुद्धमा आत्महत्या दरुत्साहन शीर्षकमा जाहेरी परेपछि पक्राउ पुर्जी जारी भएको छ ।

फागुन ८ गते मृतकको आमाको तर्फबाट आठ जनाविरुद्ध पूरक जाहेरी परेको छ ।

जसमा अपहरण गरेर नियन्त्रणमा लिइ सामूहिक रुपमा जबरजस्ती करणी गरेर हत्या गरेको आरोप छ । त्यसमै पञ्चायतीद्जवारा लेनदेन गरी मिलापत्र गर्न खोजेको अन्तर्गतको कसूर रहेको छ ।

आठै जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । त्यसमध्ये पञ्चायतीमा संलग्न तीन जना पक्राउ परिसकेका छन् । पीडकलाई पक्राउ गरेर छिटो भन्दा छिटो कारबाहीको दायरामा ल्याउने गरी प्रहरीले काम गरिरहेको पनि गृहमन्त्री लेखकले बताए ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | प्रेमरमित्रताकोबन्धनकसिनुकासाथै दाम्पत्य सुखमा रमाउने समय छ । |
| वृष : | आफ्नोअधिकारकोलागिलड्नुपर्नेछ। |
| मिथुन : | काम गर्नेजोश, जाँगर र आत्मबल बढ्नेछ। |
| कर्कट : | सन्तानले प्रसन्नता दिलाउनेछन् । परिवारजनको सहयोगले फाइदा उठाउन सकिनेछ । |
| सिंह : | परिवारको सहयोगले महत्वपूर्ण कामको थालनी हुनेछ । व्यापार व्यवसायबाट पनि फाइदा हुनेछ । |
| कन्या : | दाम्पत्यजीवनमाखुसियालीछाउनेछ। पारिवारिक सम्बन्धमा सुधार आउनेछ। काममा सफलता मिल्नेछ। |
| तुला : | सामाजिकमानसम्मानपाइनेसमयछ। |
| वृश्चिक : | सोचेको आटेको काममा सफलता मिल्नेछ। आम्दानीका श्रोतहरु फेला पर्नेछन् । |
| धनु : | व्यापार व्यवसायबाट राम्रो लाभ मिल्ने योग छ । |
| मकर : | पारिवारिकसम्बन्धमासुधारआउनेछ। |
| कुम्भ : | धेरैलेसहयोगगर्नेतत्परतादेखाउनेछ। |
| मीन : | पारिवारिक जमघटमा मन रमाउने छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बाराको जीतपुरमा आयोजित ५१ कुण्डीय गायत्री महायज्ञको अन्तिम दिन आइतबार सामूहिकरुपमा होम पूजा गर्दै स्थानीय बासिन्दा । महायज्ञमा ब्रतवन्ध, नामकरणलगायतको धार्मिक कार्य गरिएको थियो । *तस्बिरः रासस*

# स्थानीय तहमै आगलागी नियन्त्रण समिति गठनको माग



काठमाण्डु । राष्ट्रियसभाका सांसद नारायणदत्त मिश्रले मुलुकका विभिन्न ठाउँमा विभिन्न कारणले आगलागीका घटना बढ्नसक्ने उल्लेख गर्दै सम्बन्धित विषयमा पूर्वतयारीबारे सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

उहाँले भन्नुभयो, “यसपटक पानी कम परेको छ, आगलागीका घटना बढ्नसक्छन, सरकारले स्थानीय तहमै आगलागी नियन्त्रण समिति अहिले नै गठन गर्नुपर्छ, स्थानीयलाई नै जिम्मेवार बनाउनुपर्छ, उनीहरुलाई उचित तालिमको साथै तराईमा एक घण्टा र पहाडमा २० मिनेटमा पुग्ने गरी वारुणयन्त्रको व्यवस्था गर्नुपर्छ ।” आगलागी नियन्त्रणका लागि सामुदायिक वन समितिको सक्रियतामा प्रहरी र नेपाली सेनालाई समेत तयारीका साथ राख्नुपर्ने उहाँको भनाइ छ ।

सांसद मिश्रले पछिल्लो पटक काठमाडौँस्थित बबरमहलमा मेलम्चीको पानीको पाइप फुटेर स्थानीयलाई समस्या भएको घटना उल्लेख गर्दै सो घटनालाई समेत मध्यनजर राखेर सहरमा सडक, खानेपानी, ढल र विद्युत् आदिको व्यवस्थापनको निम्ति समन्वय समिति बनाउनुपर्ने माग गर्नुभयो । उहाँले भन्नुभयो, “विपत् व्यवस्थापन गर्नका लागि सरकार बेलैमा सचेत रहनुपर्छ, होइन भने एकातिर सधैँ सडकको दूरदशा, अर्कोतिर खर्च बढी हुने र दुर्घटनाको पनि जोखिम बढ्छ ।”

सांसद भुवनबहादुर सुनारले खन/जोत गर्दै आएका किसानलाई जग्गाको धनी बनाएर लालपूर्जा दिनुपर्ने माग गर्नुभयो । “मालमोल र नापी कार्यालयले जग्गाहरु टुर्क्याउने मात्रै हो कि ? जग्गाको व्यवस्थापन पनि गर्ने हो, यी कार्यालयले भूमिसम्वन्धी खासै चासो राखेको देखिँदैन, यी दुई कार्यालयको पनि पुनःसंरचना गर्नुपर्ने आवश्यक छ”, उहाँले भन्नुभयो, “अहिले पनि उनीहरुले सङ्घीयताको अभ्यास गरेजस्तो देखिँदैन, त्यसैले पुस्तौँदेखि खन/जोत गर्दै आएका किसानलाई नै जग्गाको धनी बनाएर लालपुर्जा उपलब्ध गराउनुपर्छ ।रासस

# युवा जगतको चौतर्फी विकासमा सरकार हरसम्भव सहयोग गर्न कटिबद्ध : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले युवा जगतको चौतर्फी विकासका लागि सरकार हरसम्भव सहयोग गर्न कट्टिबद्ध रहने बताउनुभएको छ ।

सैनिक मञ्च टुँडिखेलमा आयोजित राष्ट्रिय सेवा दल (एनसिसी) को विसं १९ सिनियर डिभिजन तालिमको दीक्षान्त कवाज कार्यक्रममलाई आइतबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले ‘जननी जन्मभूमिश्च स्वर्गादपी गरियसी’ उक्तिलाई आत्मसाथ गर्दै चन्द्रसूर्य अङ्कित झण्डाप्रति सदैव अनुशासित भई शिरोपर गर्न सक्ने युवाको खाँचो राष्ट्रलाई रहने भएकाले यो कार्यक्रम नेपाल सरकारको उच्च प्राथमिकतामा परेको बताउनुभएको हो ।

“तपाईहरुमाथि यहाँहरुको अभिभावकको मात्र आशा र सपनानिहीत नरही तपाईहरुका प्राध्यापक, नातेदार र समाजको पनि सपना र आशा रहेको हुन्छ । त्यसैले सर्वोत्कृष्ट समाज निर्माणका लागि युवा अवस्थामा तपाईहरुले आफ्नो मनोबल उच्च बनाउनको साथै कुशल नेतृत्वको विकास, नैतिक आचरण र अनुशासनको पालना गर्दै आफ्नो समाज र राष्ट्रप्रतिको कर्तव्य बुझ्ने र त्यसलाई पूरा गर्न सवल नागरिक बन्ने कार्य पनि सुरु गर्नुपर्दछ ।'',

सेवा दलका प्रमुख संरक्षकसमेत रहनुभएका प्रधानमन्त्री ओलीले भन्नुभयो, “राष्ट्रलाई आवश्यक परेको बेलामा तपाईंहरुले निःस्वार्थ सेवा भावबाट समर्पित भई एक सच्चा नेपाली नागरिकका रुपमा महत्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुनेछ र यस तालिमा हासिल गरेका ज्ञानले तपाईंहरुलाई उक्त कार्यको लागि अभिप्रेरित र सहयोग गर्ने विश्वास लिएको छु ।''

प्रधानमन्त्री ओलीले देशभक्ति, कर्तव्यपरायणता र श्रेष्ठताका लागि दीक्षित छात्रछात्रालाई शुभकामना दिँदै अरुलाई छिर्के लगाएर नभइ स्वच्छ प्रतिस्पर्धाका आधारमा मुलुकको विकासमा समर्पित हुन र अघि बढ्न आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रथम महिला राधिका शाक्य, रक्षामन्त्री मानवीर राई, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी, प्रधानसेनापतिअशोकराजसिग्देल, काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोल, सुरक्षानिकायकाप्रमुखलगायतको उपस्थिति थियो । सो अवसरमा भारत र माल्दिभ्सका एनसिसी र भूटान स्काउटका प्रमण्डलको पनि सहभागिता थियो ।

युवाहरुको व्यक्तित्व विकास गर्ने उद्देश्यले ‘अनुशासन राष्ट्र सेवाको मूल जग हो’ भन्ने आदर्श वाक्यका साथ विसं २०२२ मा स्थापित सो सेवा दलले युवालाई अनुशासित, मर्यादित, मुलुकप्रति समर्पित र राज्यका संस्थाप्रति सम्मान गर्ने संस्कारयुक्त नागरिक बनाउनुका साथै विपत्तिको समयमा परिचालन गर्न सकिने तालिम प्राप्त स्वयंसेवक जनशक्ति उत्पादन गर्दै आएको छ ।

यस आर्थिक वर्षमा सो सेवा दलमा सात हजार सात सय चार छात्रछात्रा रहेकामा आगामी वर्ष एघार हजार पाँच सय ५० पुऱ्याउने लक्ष्य लिइएको छ । हालसम्म ८२ हजार एक सय ८४ व्यक्ति यस सेवा दलबाट दीक्षित भइसकेको बताइएको छ ।रासस

# पाथिभरा क्षेत्रमा आन्दोलनरत पक्षलाई वार्ताका लागि आह्वान



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले ताप्लेजुङको पाथिभरा क्षेत्रमा आन्दोलनरत पक्षलाई वार्ताका लागि आह्वान गर्नुभएको छ । राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरुले राख्नुभएको प्रश्नको जवाफ दिने क्रममा लेखकले हाल उक्त क्षेत्रमा सुरक्षा निकायले उच्च संयमता अपनाएको र शान्ति सुरक्षा प्रदान गरिरहेको जानकारी दिँदै आन्दोलनरत पक्षलाई वार्तामार्फत समाधान खोज्न आह्वान गर्नुभएको हो ।

मन्त्री लेखकले केबुलकार निर्माणका क्रममा उत्पन्न विवाद र देखा परेका समस्या समाधान गर्न गृह मन्त्रालयले पहलकदमी लिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “सरकार वार्ता र संवादका माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान चाहन्छ, त्यसका लागि सम्बन्धित पक्षसँग वार्ता गर्न गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा गत माघ २० गते वार्ता टोली पनि गठन गरिएको छ, वार्ता टोलीले आन्दोलनरत पक्षसँग सहजीकरण गरिरहेको छ, पटक-पटक संवाद पनि भइरहेको छ ।”

मन्त्री लेखकले पछिल्लो समयमा वार्तामा केही अवरोध आएका कारण वार्ता समितिले आन्दोलनरत पक्षलाई वार्ताका लागि यही फागुन १२ गते पुनः आह्वान गरेको जानकारी दिनुभयो । आन्दोलनरत पक्षबाट उठाइएका सामाजिक, धार्मिक, सांस्कृतिक स्थानीय समुदायका समस्यालाई सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ छ । उहाँले शान्तिपूर्ण तवरबाट समस्याको समाधान गर्ने विषयलाई सरकारले अत्यन्त गम्भीरतापूर्वक लिएको प्रष्ट पार्नुभयो ।

मन्त्री लेखकले केबलकार निर्माणका लागि वन क्षेत्रको प्रयोग गर्न दिने र त्यस क्षेत्रमा रहेका रुख बिरुवा हटाउन स्वीकृति दिने गरी सरकारको मन्त्रिपरिषद्बाट २०७५ साल पुस १६ गते नै निर्णय भएको जानकारी गराउनुभयो ।

“केबलकार निर्माण गर्ने कार्य पहिलेदेखि नै सुरु भएको थियो, निर्माणाधीन आयोजनाको सुरक्षार्थ तत्कालका लागि बटन स्टेसनमा सशस्त्र प्रहरी बल नेपालको सुरक्षा व्यवस्था क्याम्प स्थापना गर्ने सन्दर्भमा नेपाल प्रहरीसँगको सहकार्यमा परिचालन हुने गरी सुरक्षा व्यवस्थापन मिलाउन २०८० साल माघ २ गते तत्कालीन उपप्रधान तथा गृहमन्त्रीस्तरबाट निर्णय भएको थियो”, उहाँले भन्नुभयो । सोही अनुरुप सुरक्षाको निमित्त सोही ठाउँमा सशस्त्र प्रहरी र नेपाल प्रहरी खटिएको उहाँको भनाइ छ ।

> “केबलकार निर्माण गर्ने कार्य पहिलेदेखि नै सुरु भएको थियो, निर्माणाधीन आयोजनाको सुरक्षार्थ तत्कालका लागि बटन स्टेसनमा सशस्त्र प्रहरी बल नेपालको सुरक्षा व्यवस्था क्याम्प स्थापना गर्ने सन्दर्भमा नेपाल प्रहरीसँगको सहकार्यमा परिचालन हुने गरी सुरक्षा व्यवस्थापन मिलाउन २०८० साल माघ २ गते तत्कालीन उपप्रधान तथा गृहमन्त्रीस्तरबाट निर्णय भएको थियो”, उहाँले भन्नुभयो ।

## ‘शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्ने दिशामा सरकार संवेदनशील छ’

गृहमन्त्री रमेश लेखकले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी जनतालाई अनुभूत हुनेगरी शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्ने दिशामा सरकारले गम्भीर र संवेदशनशिल ढङ्गबाट काम गरिरहेको बताउनुभएको छ ।

राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरुले राख्नुभएको प्रश्नको जवाफ दिँदै सीमित स्रोत र साधनको उपलब्धताका बीच कार्यसम्पादन गर्नुपरेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “सबैको साथ र सहयोगबाट उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी जनतालाई अनुभूत हुनेगरी शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्ने दिशामा गृहमन्त्रालयले गम्भीर र संवेदशनशील ढङ्गबाट काम गरिरहेको छ ।”

उहाँले आफूले गृहमन्त्रीका रुपमा पदबहाली गर्ने समयमा मन्त्रालयका काम इमान्दारिता र निष्ठापूर्वक गर्ने प्रतिबद्धता व्यक्त गरेको स्मरण गर्दै मन्त्री भइसकेपछि धेरै नीतिगत र कानुनी सुधारका कामहरु भएको जानकारी गराउनुभयो । “यहाँहरुको सल्लाह, सुझाव र चासो मेरो कार्यसम्पादनका लागि मार्गदर्शक बनेका छन्, यहाँहरुबाट शान्तिसुरक्षा, सेवाप्रवाह, विपद् व्यवस्थापनलगायत विषयमा सुधारका लागि व्यक्त गर्नुभएका भावना र मैले हाल गरिरहेको कार्यसम्पदाको भावनाको गति समान छ”, मन्त्री लेखकले भन्नुभयो ।

उहाँले नेपाल प्रहरी विधेयक, सशस्त्र प्रहरी बल नेपाल विधेयक, नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकहरु संसद्को सम्पत्ति बनिसकेको बताउँदै कतिपय नीतिगत र कानुनी सुधार गर्नुपर्ने अन्य कानुनका सन्दर्भमा जतिसक्दो चाँडो संसद्मा पेस गर्नेगरी सरोकारवालाको सुझावका आधारमा आवश्यक छलफल भइरहेको जानकारी दिनुभयो ।

मन्त्री लेखकले भन्नुभयो, “विपत् व्यवस्थापनमा मनसुनजन्य विपत् एवं भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनःनिर्माणले लय समातेको छ, नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकारलगायत लोकतान्त्रिक मूल्यमान्यतालाई सम्मान गर्नेगरी कानुन कार्यान्वयनमा गृह मन्त्रालयअन्तर्गका संयन्त्रहरु निष्पक्ष रुपमा परिचालन गरिएको छ ।”

राष्ट्रियसभाको शून्य समयमा सांसद सुरेशकुमार आले मगरले भूतपूर्व गोर्खा सैनिकहरुको वंशजको नागरिकतालाई निरन्तरता दिनुपर्नेमागगर्नुभयो।उहाँलेभन्नुभयो, “भूतपूर्व गोर्खा सैनिकहरुको वंशजको नागरिकतालाई एनआरएनलाई जस्तै निरन्तरता नदिने भन्ने कुराहरु भइरहेको छ, सायद कानुन पनि सोहीअनुरुप बनेको छ, तर भूतपूर्वहरु वंशजको नागरिकताको निरन्तरता चाहन्छन्, त्यसैले यो विषयलाई सम्वोधन गरियोस् ।”

भूतपूर्व गोर्खा सैनिकहरुको पेन्सन र तलब समान भए पनि वंशजको नागरिकता पाउने विषय कार्यान्वयन नभएको उहाँको भनाइ छ । उहाँले पृथ्वी राजमार्गअन्तर्गत मुग्लिनदेखि पोखरासम्मको सडक निर्माणमा ढिलाइ भएकामा सरकारको ध्यानाकर्षण गराउनुभयो । “पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडकखण्ड समयमै सम्पन्न नहुँदा त्यो बाटो भएर ओहोरदोहोर गर्ने गर्ने यात्रुहरुले सास्ती भोग्नुपरेको छ, यसबारेमा सरकारले चासो देखायोस्”, उहाँले भन्नुभयो ।रासस

# “राजनीतिक स्थायित्वका लागि गठबन्धनको सरकार बनेको हो”

कर्णाली । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले राजनीतिक स्थायित्वका लागि नेपाली कांग्रेस र एमालेबीच गठबन्धन भएको बताउनुभएको छ ।

प्रेस युनियन सुर्खेतद्वारा आइतबार सुर्खेत विमानस्थलमा आयोजित ‘पत्रकार भेटघाट’ कार्यक्रममा उहाँले मुलुकको विकास र जनताको चाहना अनुसार दुई ठूला दलबीचको गठबन्धनको सरकार बनेको बताउनुभयो । उहाँका अनुसार अहिले देखिएका समस्या समाधान गर्दै जनताका चाहना र अपेक्षा पूरा गर्ने उद्देश्यसहित यो सरकार अगाडि बढिरहेको छ ।



उपप्रधानमन्त्री सिंहले भन्नुभयो, “विसं २०७२ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी संविधान जारी गरिसकेपछि स्थानीय, प्रदेश र सङ्घको सबै निर्वाचन सम्पन्न भयो । यद्यपि राजनीतिक स्थायित्व हुन नसक्दा विकासका अपेक्षित काम उल्लेख्य गतिमा हुन सकेनन् । परिणामतः मुलुकका दुई ठूला दलबीचको गठबन्धनको सरकार बन्यो ।”

मन्त्री सिंहले मन्त्रालयगत कार्यसम्पादनको मूल्याङ्कन भइरहेको भन्दै लक्ष्य अनुसार काम गर्न सरकार निरन्तर अगाडि बढेको जनाउनुभयो । अध्यादेश बलमिचाईबाट नआएको भन्दै संविधान कार्यान्वयनलाई प्रभावकारी बनाउन ल्याइएको उहाँले जिकिर गर्नुभयो । आर्थिक अनुशासन कायम गर्ने उद्देश्यले वर्तमान सरकारले काम गरिरहेको उहाँको भनाइ छ ।रासस


राजर्षिजनक विश्वविद्यालय
मानविकी तथा कानून संकाय
डीनको कार्यालय, जनकपुरधाम

सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित सूचना मिति २०८१/११/१९

राजर्षिजनक विश्वविद्यालय संगठन, संरचना तथा व्यवस्थापन नियमावली २०७५ को नियम १०२ को उपनियम (१) अनुसार यस मानविकी तथा कानून संकायको सहायक डीन पदका लागि सहायक डीन पदमा नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधी, २०८१ बमोजिम कानून विषयमा स्नातकोत्तर गरेका अनुभवी तथा इच्छुक योग्य उम्मेदवारले कार्यविधीको मापदण्डमा उल्लेखित कागजातहरु क्रमानुसार संलग्न गरी १५ (पन्ध्र) दिन भित्र डीन कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सम्पर्क नं ९८६०८३३६६३ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

डीन



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# महिलामाथि घरेलु हिंसा

धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिकाको वडा नम्बर ५ स्थित बनिनियामा एकजनाले धर्मपत्नीको हत्या गरी घरमै शव गाडेर फरार भएका छन् । उनले १० महिनाकी छोरीलाई समेत बेपत्ता बनाएका छन् । श्रीमान् श्रीमती बीच बिहान झगडा भएको र राति महिलाको हत्या भएको प्रहरीको अनुमान छ । २० वर्षीया अञ्जली यादवका श्रीमान् हरिराम यादवले घरमा ताल्चा लगाएर छोरी सहित बेपत्ता भएका हुन् । हत्याको कारण अझै खुल्न नसके पनि हरिरामले अञ्जलीको हत्या गरी पूजा कोठामा शवलाई गाडेका थिए । घरमा ताल्चा लगाएर हरिराम बेपत्ता भएपछि स्थानीयलाई आशंका लागेर प्रहरीलाई खबर गरेका थिए । प्रहरीले अनुसन्धान गर्ने क्रममा महिलाको शव पूजा कोठामा गाडिएको अवस्थामा फेला परेको छ । हरिराम यादवको खोजी भइरहेको प्रहरीले जनाएको छ। घरेलु विवादको कारण अञ्जलीको हत्या भएको घटना पहिलो होइन । धनुषा जिल्लामा मात्र एक वर्षका यस्ता कयौं घटना भएका छन् । कयौँ महिलाको हत्यामा परिवारको संलग्नता रहेको पाइएको छ। महिला विरुद्धको हिंसा रोक्न अनेक सचेतनामूलक कार्यक्रमहरु चलाइएको छ। त्यसको सकारात्मक प्रभाव पनि नपरेको होइन। तथापि महिलामाथि घरेलु हिंसाको तथ्यांक डर लाग्दो छ। एउटा बच्चा समेत भएकी महिलाको पतिले नै हत्या गरेको खुलेको छ । सासु, ससुरा, श्रीमान्, देवर, जेठाजुलगायतका पारिवारिक सदस्यहरुबाट महिलाको हत्या हुने गरेको छ । परिवारमा हुने हिंसाको कारण दाइजो, बाँझोपन, सम्पत्ति लगायत रहेको देखिन्छ । तर त्यो भन्दा पनि बढी हत्या अवैध सम्बन्धको कारण हुने गरेको छ। विदेशमा रहेका पुरुषले पत्नीमाथि अनेक आशंका गर्ने, कमाएर पठाएको रकम अपचलन गरिने लगायतका कारणहरुले महिलामाथिको हिंसा बढेको छ । महिलामाथिको हिंसालाई न्यून गर्न समाजिक र पारिवारिक वातावरणमा समेत सुधारको आवश्यकता छ। परिवारमा हरेक सदस्यले एक अर्कामाथि विश्वास गर्ने वातावरण बनाउनु पर्छ । समाजिक र पारिवारिक वातावरणमा सुधार नभएसम्म महिलामाथिको हिंसा कम हुने छैन् । महिलामाथिको हिंसा रोक्न चलाइएका विभिन्न अभियानहरुको उपलब्धिको समीक्षा गरी अनय प्रभावकारी उपायहरु अवलम्बन गर्न आवश्यक छ। विदेशमा रहेका पुरुषको पत्नीलाई काउन्सिलिंग गर्ने, परिवारका अन्य सदस्यहरुबीच विश्वासको वातावरण बनाइने लगायतको कामहरु गर्नुपर्ने देखिन्छ। महिलाको ज्यान जाने घटनाहरु रोकिएको छैन। महिला हिंसा कम गर्न अत्यन्त कडा कानुनहरु बनाइएको छ। कानुनको कार्यान्वयन पनि नभएको होइन । तर पनि हिंसा अपेक्षाकृत कम भएको छैन । बलात्कार गरी हत्या गर्ने, प्रेम सम्बन्धमा ब्रेकअप हुँदा हत्या गरिने अपराधहरुको ज्यान जाने गरेको छ । बाहिरी हिंसा भन्दा घरेलु हिंसाको स्थिति चिन्ताजनक छ । त्यसलाई न्यून गर्न आवश्यक छ।

# भुइँमान्छेबाट सशक्त राष्ट्रिय नेतृत्व

सूर्य थापा

जुनसुकै देशले प्रगतिको सही बाटो पक्रेर अघि बढ्न बलियो, सुझबुझयुक्त र विशिष्ट नेतृत्वको खाँचो पर्छ । चीनमा माओत्सेतुङ, देङ सियाओ पिङ र हाल सी जिङपिङ, रुसमा लेनिन, स्टालिन र हाल पुटिन, भारतमा महात्मा गान्धी, नेहरू र हाल नरेन्द्र मोदी, अमेरिकामा क्लिन्टन, ओबामा र हाल ट्रम्पको उदय तथा नेतृत्वलाई ती देशको यही आवश्यकताको कसीमा हेर्ने गरिएको पाइन्छ। नेपालमा निर्विवाद रूपमा भन्न सकिन्छ, टङ्कप्रसाद आचार्य, बिपी कोइराला, पुष्पलाल, मदन भण्डारी, गणेशमान सिंह, मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला र हाल प्रधानमन्त्रीका रूपमा केपी शर्मा ओली त्यसप्रकारको राष्ट्रिय धुरी व्यक्तित्वका रूपमा स्थापित हुनुहुन्छ । एक समय उहाँलाई लक्षित गर्दै एक आलोचक कित्ताका लेखकले नै 'यो देशमा म एउटा 'ली क्वान यू' खाजिरहेछु...' भनेर लेखेका थिए । (मगर : २०७५) प्रधानमन्त्री ओली ली क्वान युको नेपाली संस्करण बनून् भन्ने आम नेपालीको अपेक्षा छ भन्ने उनको निष्कर्ष थियो। यद्यपि प्रधानमन्त्री हुँदैमा वा नहुँदैमा सक्षम नेतृत्वको कसी र मूल्याङ्कनमा खासै फरक पर्दैन ।

### १. भुइमान्छेबाट राष्ट्रिय नेतृत्व

नेपाली राजनीतिमा नेता त हजारौं-लाखौं क्रियाशील छन् । तर, नेताहरूमध्येका पनि नेता वास्तवमा उहाँ अर्थात् प्रधानमन्त्री केपी शर्मा ओली हुनुहुन्छ । पदको भारीले होइन, विचार, समर्पण, अध्ययन, वक्तृत्वकला, नेतृत्वकला, दूरदर्शिता र प्रभावकारी नेतृत्वका दृष्टिले समकालीन नेपाली राजनीतिमा उहाँ मियो व्यक्तित्वका रूपमा स्थापित हुनुहन्छ । २०७२, २०७४, २०७८ र २०८१ गरी चार पटक मुलुकको कार्यकारी प्रमुखको नेतृत्व सम्हाल्दा/सम्हालिरहँदा उहाँले राष्ट्रिय जीवनमा आफ्नो भिन्न प्रभाव र छविका साथ कार्यसम्पादन गर्नुभएको तथ्य स्पष्ट छ।

विसं २००८ फागुन ११ गते तेह्रथुमको इवामा सामान्य किसान परिवारमा जन्मिनुभएका उहाँले बाल्यकालमै आमा मधुमाया ओलीलाई गुमाउनुपऱ्यो । त्यसपछि हजुरआमा राममाया र बुबा मोहनप्रसाद ओलीले उहाँको लालनपालन गर्नुभयो । अत्यन्त तीक्ष्ण र जेहेनदार विद्यार्थीका रूपमा उहाँले जन्मस्थल तेह्रथुम र बसाइँसराइपछि झापामा आफ्नो पठनपाठन अघि बढाउनुभयो । एसएलसी उत्तीर्ण गर्दा-नगर्दै झापा विद्रोहको राप, ताप र प्रभावले नेपाली कम्युनिस्ट आन्दोलनमा जोडिएर त्यसयता आजीवनजस्तै क्रियाशील रहनुभएको छ- अविराम, अविचल र अनवरत।

२८ वर्षअघि मैले उहाँको व्यक्तित्वका बारेमा 'आइरन टङ्ग, आइस स्ट्यान्ड !' शीर्षकमा लेखेको थिएँः

'केपी शर्मा ओली नेकपा (एमाले) भित्र वैचारिक सङ्घर्षमा सक्रिय नेताका रूपमा चर्चित हुनुहुन्छ । झापा सङ्घर्षलाई उग्रवामपन्थी भड्काव भनेर उहाँले त्यतिबेला नै आफ्नो अभिमत राख्नुभएको थियो। २०३० साल असोज २३ गते रौतहटको गौरबाट पक्राउ परेपछि ओलीलाई 'खतरनाक कम्युनिस्ट'को अभियोगका साथ १४ वर्ष लामो जेल सजाय र अमानुषिक यातनाको शिकार बनाइयो । उहाँलाई चार महिनाभन्दा बढी समयसम्म प्रहरी हिरासतमा नियमितजस्तै कुटिन्थ्यो । गोलघरको कालकोठरीमा उहाँ चार वर्षभन्दा लामो नारकीय जीवन बिताउन बाध्य हुनुभयो । उहाँ नेपालका एकतिहाइ जेलहरूमा राजबन्दीका रूपमा बस्नुभएको र २५ पटक भन्दा बढी उहाँलाई जेल सरुवा गरिएको थियो । नख्खु, भद्रगोल, वीरगञ्ज, स्याङ्जा, पोखरा र गौर आदि जेलहरूमा उहाँ कहाँ बस्नुभएन र ? तर, अचम्मको कुरा, भद्रगोल जेलको कालकोठरीमा रहेका बखत उहाँको पार्टी सदस्यता नै खारेज गरिएको थियो। अर्थात्, झापा आन्दोलनलाई उग्रवामपन्थी भड्काव भनेबापत त्यसै आन्दोलनको सिलसिलामा बलिदानीमा चढ्न तम्सिनुभएका ओलीको पार्टी सदस्यता नै खारेज गरिँदा पनि उहाँ आफ्नो अडानमा दृढ रहनुभयो । निरन्तर उग्रवामपन्थविरुद्ध सम्झौताहीन सङ्घर्षमा डटिरहनुभयो । कालान्तरमा पार्टीले झापा आन्दोलनलाई उग्रवामपन्थी गल्ती भनेर स्वीकार गऱ्यो। अनि, एउटा गम्भीर वैचारिक सङ्घर्षमा उहाँ पहिलो पटक विजयी हुनुभयो।' (थापाः २०५३)

गृहमन्त्रीका रूपमा २०५१ सालको पहिलो कम्युनिस्ट सरकारमा उहाँले आफ्नो राजकीय नेतृत्व-कौशल सबैले देख्नेगरी प्रस्तुत गर्नुभयो । उहाँको कार्यकालअघि झ्यालबाट सडकतिर हेरिरहेका नाबालक अनिश शाक्य लगायत दर्जनौं व्यक्तिहरूले 'प्रजातान्त्रिक सरकार'को आदेशमा गोली खाएर जीवन आहुति दिनुपरेको थियो । तर, ओलीको गृहमन्त्रीकालमा अकारण र अनाहकमा 'लाठीचार्ज, अश्रुग्यास, हवाई फायर वा नागरिकलाई ताकीताकी गोली चलाउने' जस्ता पूर्ववर्ती सरकारको रवैया कहीँकतै देख्नुपरेन । सरकार जनताको रक्षक हो भन्ने दृष्टान्त उहाँले व्यवहारतः देखाइदिनुभयो ।

नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारी नेतृत्वको उक्त सरकार नौ महिना मात्रै चल्यो । त्यसलाई बहुमतमा पुऱ्याउन राष्ट्रिय प्रजातन्त्र पार्टी समर्थन गर्न तयारै थियो ।

उहाँले सरकार टिकाउन प्रस्तुत गर्नुभएको विकल्पलाई पार्टीका केही नेताहरूले मानेको भए सायद मनमोहन अधिकारी नै पूरा अवधि प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँले त्यसबखत राप्रपाका केही सांसदहरूलाई सामान्य वा कम महत्वका केही मन्त्रालयहरू दिएर अघि बढ्नु सरकारका निम्ति सुरक्षित हुने उपाय सुझाउनुभएको थियो । तर, समयमै त्यस विकल्पलाई सही ठानिएन, स्विकारिएन। त्यसो गर्नुलाई 'प्रतिगामी' गल्ती देख्ने र भन्ने नेताहरू नै पछि राप्रपाको ढोका ढक्ढकाएर लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीको कल्की भिरिदिनु भन्दै हिंडेको विरोधाभासपूर्ण व्यवहार देखियो । खासमा यो ओलीको अर्को वैचारिक विजय थियो। (थापाः २०५३)

उहाँको व्यक्तित्व भनेको एक्लै हुँदा पनि सही विचारको पक्षमा चट्टानी अडान राख्न सक्नु हो । उहाँ सत्यसँग नजुध्ने र शक्तिसँग नझुक्ने विशेष धातुले बनेको असधौँरण व्यक्तित्व हुनुहुन्छ।

चौध वर्ष लामो कष्टसाध्य जेल जीवनबाट उन्मुक्ति पाएपछि उहाँ लुम्बिनी अञ्चलको पार्टी प्रमुखको जिम्मेवारीमा खटिनुभयो । २०४६ सालको जनआन्दोलनभरि लुम्बिनीकै भौगोलिक कार्यक्षेत्रमा नेतृत्व प्रदान गर्नुभयो। तर, यहाँनिर एउटा विशेष मोडको चर्चा हुनैपर्छ- नेपाली काँग्रेसको नेतृत्व पहिले कहिल्यै कम्युनिस्ट पार्टीसँग सहकार्यको निम्ति तयार थिएन । पञ्चायती शासनको ३० वर्ष भोगिसक्दा र नेपाली काँग्रेसका

> रामचन्द्र झासहितका कतिपय मधेसी नेताहरू पार्टीबाट बाहिर र विरोधी कित्तामा उभिन पुग्दा समेत उहाँले तराई, पहाड र हिमालको अन्तरनिर्भरता र अभिन्नतालाई सदैव उच्च महत्व दिनुभयो । तराईको विकासलाई गुलजार बनाउने कार्य "मधेस विरोधी"का रूपमा "ट्याग" भिराएर दुष्प्रचारको कुहिरीमण्डल सिर्जना गर्नेहरूकै अगाडि उहाँले पहिलो पटक प्रधानमन्त्री बनेपछि व्यवहारतः सबैका सामु योजनाबद्ध प्रयास र बजेट विनियोजनको दृष्टान्त प्रस्तुत गर्नुभयो ।

संस्थापक धरोहर बीपी कोइरालाको निधन भएपछिको अवस्थामा मूलतः गणेशमान सिंहको सुझबुझका कारण वाम मोर्चा र नेपाली काँग्रेसबिच कार्यगत एकता भई सहकार्यमा संयुक्त जनआन्दोलन आह्वान गरियो। सफल पनि भयो । यसमा गणेशमान सिंह र मदन भण्डारीको घनिष्ट संवाद अनि ओलीसहितका नेताहरूको मदन भण्डारीलाई रहेको साथले विशेष भूमिका खेलेको थियो।

२०४७ साल जेठ १ गते ३९ वर्षीय ओलीको नेतृत्वमा प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ नेपाल (प्रायुसङ्घ नेपाल) स्थापना भयो, जो आज राष्ट्रिय युवा सङ्घका रूपमा क्रियाशील छ । २०४६ को चौथो र २०४९ को पाँचौं राष्ट्रिय महाधिवेशनमा जनताको बहुदलीय जनवादको अवधारणा र व्यवस्थित कार्यक्रम नै स्थापित गर्न उहाँले निरन्तर मदन भण्डारीको साथमा रहेर योगदान गर्नुभयो । २०४८ सालको आमनिर्वाचनमा पार्टीको चुनावी घोषणापत्रको मस्यौदा उहाँकै नेतृत्वमा गरिएको थियो। पार्टीको उम्मेदवारका रूपमा '२० रूपैयाँ' खल्तीमा बोकेर काठमाडौँबाट प्रस्थान भएपछि झापाबाट लोकप्रिय मतका साथ निर्वाचित भएर काठमाडौँ आउँदा पनि त्यति रकम खर्च नभई जोगिएको थियो !

विसं २०४८, २०५१, २०५६, २०७०, २०७४ र २०७९ गरी ६ पटक उहाँ ३३ वर्षमध्ये २८ वर्ष झापाबाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको छ। २०६४ मा देखापरेको माओवादी 'डढेलो'मा परी उहाँ समेत पराजित हुनुपऱ्यो । तर, निर्वाचित जनप्रतिनिधिका रूपमा उहाँको निरन्तरजसो नै जनअनुमोदन देख्न सकिन्छ।

विसं २०५३ मा महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धिको अध्ययन गर्न संसदीय दलले उहाँको नेतृत्वमा अध्ययन कार्यदल गठन गऱ्यो । त्यसै कार्यदलले पहिलो पटक 'कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा भारतीय अतिक्रमण र कब्जा' रहेको तथ्योद्घाटन गरेको थियो । खासमा उहाँलाई उक्त तथ्य सार्वजनिक नगर्न भयानक दबाब थियो। तर, उहाँले राष्ट्रिय हित र स्वाभिमानविरुद्ध जोसुकैका त्यस्ता अनुचित दबाबलाई वास्ता गर्नुभएन । पार्टीको ह्वीप उल्लङ्घन, फ्लोरक्रस गरी जनताका बिचमा स्थापित नेकपा (एमाले) लाई विभाजित गर्ने कार्यको बिजारोपण त्यतिबैलै गरियो। पार्टीभित्र कथित 'राष्ट्रवादी' र 'राष्ट्रघाती' भन्ने कपटपूर्ण र कृत्रिम विभाजन गर्ने कार्य भयो । त्यसै उद्देश्यका साथ उहाँविरुद्ध अनेक प्रपञ्च र दुष्प्रचारको थालनी गरियो । त्यतिबेलाका कैयन् व्यक्तिले भनेजस्तो महाकाली सन्धि नेपालको अहित र भारतीय हितमा थियो भने आजसम्म त्यसको कार्यान्वयन किन भएन भन्ने अहम् प्रश्न छ । खासमा नेपाल र भारत दुवै देशको हितमा भएकाले नै आज तीन दशक बितिसक्दा समेत उक्त सन्धि कार्यान्वयनमा कुनै प्रगति हासिल भएको छैन । यस परिप्रेक्ष्यमा उहाँको अध्ययनकै तथ्य, मन्त्रीपरिषद्को निर्णय र संसद्को प्रायः सर्वसम्मतिमा पछि २०७७ सालमा नेपालको नयाँ नक्सा प्रकाशन र निशान छापमा समावेश गर्नेगरी ऐतिहासिक निर्णय र अनुमोदन पनि भएको छ।

'हिमाल, पहाड, तराई : कोही छैन पराई' यो उहाँको राष्ट्रिय एकतामा आधारित स्पष्ट अवधारणा हो । सामाजिक सहिष्णुता, समानता, सामाजिक न्याय र एकता उहाँको मूलमन्त्र हो । एकल जातीय पहिचान र जातीय अहंकार होइन, मिश्रित सामाजिक र जनसाङ्ख्यक बनोटमा आधारित राज्यको नयाँ संरचना उहाँकै जोडका कारण सम्भव भयो । अशोककुमार राईको नेतृत्वमा नेकपा (एमाले) ले पार्टी विभाजनको मूल्य चुकाएरै भए पनि संविधानसभाबाट नयाँ संविधान र राज्यको नयाँ पुनःसंरचना संस्थागत गरेको छ।

हिंसविरुद्ध लड्दा एमालेले आफ्ना ३०० भन्दा बढी होनाहार नेता, कार्यकर्ताहरू अनाहकमा गुमाउनुपऱ्यो । यदुकुमार गौतम, चक्रबहादुर डगौरा चौधरी लगायतको बलिदानले मात्र नपुगेर हिंसा, सामाजिक फासीवाद र आतंकविरुद्ध कमरेड केपी शर्मा ओलीले हिम्मतका साथ गर्नुभएको कठोर चुनौतीपूर्ण सङ्घर्षको परिणाम-

'बन्दुकको नालबाट सत्ता जन्मन्छ' भन्दै 'जङ्गल र भारत' पसेकाहरूको शान्ति सम्झौता, सेना समायोजन र संसदीय मूलधारमा आगमन अनिवार्य र सम्भव भयो । सही समयमा, सही मुद्दामा उहाँको यस्तै अगुवाइका कारण बन्दुकको छायाँमा संविधानसभाको चुनाव र नयाँ संविधान निर्माणको दुराशय पूरा हुन सकेन । घुमिफिरी रुम्जाटार भनेजस्तो २०५१ सालमा संसद्बाट बाहिरिएका माओवादीहरू २०६३ सालमा संसद्मै आइपुग्न बाध्य भए। १२ वर्षमा खोलो पनि फर्किन्छ भनेको सायद यस्तै घटना र परिघटनाहरूका निम्ति भनिएको थियो होला।

'मधेस स्वराज'को नारा उराल्दै 'एक मधेस, एक प्रदेश'को पक्षमा मच्चाइएको ताण्डव नृत्य सामान्य थिएन । २०६३ सालमा अन्तरिम संविधान जारी भएलगत्तै संविधानसभाको चुनावलाई 'मधेस कार्ड'का रूपमा दुरुपयोग गर्न खोजिएको थियो । पहाडीविरुद्ध मधेसी जुधाउने 'पराईको षड्यन्त्र'ले यसमा काम गरेको थियो । मधेसीलाई विदेशीका रूपमा देख्ने वा मधेसको उन्नति र विकासलाई पृथकतावादको औचित्यसँग जोडेर अर्थ लगाउने कोसिस समेत नभएका होइनन् । रामचन्द्र झासहितका कतिपय मधेसी नेताहरू पार्टीबाट बाहिर र विरोधी कित्तामा उभिन पुग्दा समेत उहाँले तराई, पहाड र हिमालको अन्तरनिर्भरता र अभिन्नतालाई सदैव उच्च महत्व दिनुभयो । तराईको विकासलाई गुलजार बनाउने कार्य 'मधेस विरोधी'का रूपमा 'ट्याग' भिराएर दुष्प्रचारको कुहिरीमण्डल सिर्जना गर्नेहरूकै अगाडि उहाँले पहिलो पटक प्रधानमन्त्री बनेपछि व्यवहारतः सबैका सामु योजनाबद्ध प्रयास र बजेट विनियोजनको दृष्टान्त प्रस्तुत गर्नुभयो ।

विदेशीको चाहनामा सरकार बन्ने वा ढाल्ने, अझ संविधान नै विदेशीले नचाहेसम्म जारी नगर्न दबाब दिने रवैयविरुद्ध उहाँले आफूलाई निरन्तर र अविचल रूपमा उभ्याउनुभयो । संविधानसभाबाट देशको संविधान जारी गरेबापत एउटा छिमेकीले नाकाबन्दी गर्नु आश्चर्यजनक प्रतिक्रिया थियो । दुनियाँमा यस्तो भएको विरलै उदाहरण पाइन्छ। तर, उहाँले विदेशी वा छिमेकीका लागि 'कम्फर्टेबल' सरकार बनाउने वा चलाउने प्रवृत्तिविरुद्ध सदासर्वदा सङ्घर्ष गर्नुभएको छ । सीमापारि बसेर मृतभूमितर्फ ढुङ्गा हान्नेहरूलाई उहाँले कहिल्यै राम्रो मान्नुभएन । विदेशीको काखमा लुटपुटिन, विदेशीको हितका पक्षमा उभिएर भित्रभित्रै तिनका विभिन्न निकायमा लिखित निवेदन दिने तर बाहिर सुरुङ युद्धको हुँकार गर्नेहरूका राष्ट्रहित विपरीतका रवैयविरुद्ध पनि निरन्तर लड्नुभयो। छिमेकीको आधिकारिक प्रतिनिधि भएर गुप्तचर प्रमुख सामन्त गोयल आउँदा भएको भेटलाई उहाँले गुपचुप नराखी दुनियाँको सामु सार्वजनिक गरेर जानकारी गराउनुभयो । यस किसिमको पारदर्शी व्यवहार कोही प्रधानमन्त्रीले आजपर्यन्त प्रदर्शन गर्नसकेको दृष्टान्त पाइँदैन।

विसं २०७१ असार-साउनमा सम्पन्न पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनबाट नेकपा (एमाले) को अध्यक्षमा उहाँ निर्वाचित हुनुभयो । अत्यन्त बिरामी अवस्थामा पार्टीको नेतृत्व सम्हाल्नुअघि उहाँले २०७० माघमा संसदीय दलको नेतामा बहालवाला पार्टी अध्यक्ष झलनाथ खनाल र उहाँको साथमा मोर्चाबद्ध माधवकुमार नेपाललाई एकसाथ २३ मतको अन्तरले पराजित गरिसक्नुभएको थियो । नवौं महाधिवेशनमा फेरि त्यही मोर्चाबन्दीमा बनेको 'प्यानल' निर्वाचनमा प्रत्यासी भएर १६ वर्ष पार्टी प्रमुख रहिसक्नुभएका माधवकुमार नेपाललाई पराजित गरेर मात्रै उहाँ पार्टीको मुख्य नेतामा स्थापित हुनुभएको दृष्टान्त यहाँ विशेष उल्लेखनीय छ। जब कि उहाँभन्दा अघि या त आफैँले स्थापना गरेर (को-अर्डिनेसन केन्द्र/नेकपा (माले) को स्थापना) या केन्द्रीय कमिटीले प्रस्ताव गरेर (चौथो, पाँचौं, छैटौं, सातौं र आठौं महाधिवेशनमा समेत) पार्टीको मुख्य नेता चयन गरिएका अभ्यासहरू थिए। तर, उहाँको हकमा शक्ति बाँडफाँट (पावर सेयरिङ) वा केन्द्रीय कमिटीको तर्फबाट प्रस्ताव गरी नेतृत्वमा स्थापित गर्नेजस्ता कार्य कहिल्यै भएको पाइँदैन।

बरु महाधिवेशनको हलमा प्रत्यक्ष निर्वाचन लडी जितेर मात्रै उहाँलाई मुख्य नेतृत्वको जिम्मेवारी प्राप्त हुनसक्यो। २०५० जेठ ३ गतेको दासढुङ्गा हत्याकाण्डपछि माधवकुमार नेपालले १६ वर्ष नेतृत्व गर्दागर्दै २०६४ को संविधानसभा निर्वाचनमा लज्जास्पद पराजय भोग्नुपरेको सङ्कटपूर्ण अवस्थामा समेत पहिले र पछि गरी झलनाथ खनाल १४ वर्ष नेकपा (माले) र नेकपा (एमाले) को मुख्य नेता रहिसक्नुभएको थियो।

तर, ओलीले सधैँ अरूलाई नेतृत्वमा स्थापित गर्ने भूमिका खेल्नुभयो, उहाँलाई समकालीनहरूले कहिल्यै मुख्य नेतृत्व सुम्पिने जरुरी ठानेको देखिएन। उहाँ कार्यकर्ताको बल र लोकप्रियतामा उभिएर प्रतिस्पर्धाको माध्यमबाट अरूबाट खोसेर मात्रै नेतृत्व हासिल गर्न सफल हुनुभयो । यसरी नेतृत्व निर्माणका हिसाबले पनि उहाँ अरूभन्दा भिन्न अभ्यासबाट मात्रै पार्टीको मुख्य नेतामा स्थापित हुनुभयो।

### २. बक्ररेखाको नेतृत्व अभ्यास

मैले मनमोहन अधिकारीसँग २०५६ सालमा नजिकको सम्बन्धमा रही काम गर्ने अवसर पाएको थिएँ । माधवकुमार नेपाल, झलनाथ खनाल, भरतमोहन अधिकारी, ईश्वर पोखरेल, प्रदीप नेपाल, प्रदीप ज्ञवाली, रघुजी पन्त र वामदेव गौतमसँग निकट रहेर विभिन्न जिम्मेवारीहरू बहन गरेँ। त्यस क्रममा सबैका आ-आफ्नै विशेषता र नेतृत्व शैलीको अनुभव गरेको छु। केपी शर्मा ओलीसँग सायद सबैभन्दा धेरै अन्तर्वार्ता (करिब दुई दर्जन) मैले गरेको छु।

# 'देशी गाई'को महत्व जगाउन 'जनकधाम'

टीकाराम सुनार

हिन्दू संस्कारमा गाईको महत्व जन्मेदेखि मृत्युपर्यन्त छ। पञ्चगव्य अर्थात् दूध, दही, घ्यू, गहुँत (गौमुत्र) र गोबर विविध संस्कारमा प्रयोग हुने कुरा आम नेपालीका लागि नौलो विषय होइन। धर्मसंस्कार र आयुर्वेदमा मात्रै होइन, आधुनिक विज्ञानले पनि पञ्चगव्यको महत्व प्रमाणित गरिसकेको छ।

पश्चिमा देशहरूमा विस्तारै गाईको महत्वबोध हुन थालेसँगै भएको गाईमा आधारित चिजवस्तुको प्रयोगका विषयमा थुप्रै प्रयास तथा अनुसन्धान भएका छन् । कतिपय देशले अनुसन्धानबाट प्रमाणित तथ्यलाई आत्मसात् गर्दै गोमुत्रवाट एण्टिबायोटिक, एण्टिफङ्गल, एण्टिक्यान्सर जस्ता औषधि बनाएर बौद्धिक अधिकार लिइसकेका छन् । पञ्चगव्यका अन्य तत्वहरूको उपयोगबाट थुप्रै औषधीय लाभ लिएका छन् । गाईको महिमा र पहिचान भएकै क्षेत्रमा भने यसको महत्वबोध हुनसकेको छैन। गाईपालन केवल 'डेरी' र 'गाई फार्म' संस्कृतिको अंशमा सीमित छ, त्यो पनि विकासे 'जर्सीवाला'। रैथाने 'देशी गाई' लोपोन्मुख अवस्थामा छन्।

अभियन्ता कुशलेन्द्र झा भने यहाँको रैथाने गाई सङ्कटमा पर्दै गएकामा चिन्तित हुँदै यसको संरक्षण र महत्व प्रसारको अभियानमा जुट्नुभएको छ । विगतमा प्राकृतिक जीवन पद्धतिको आधारका रूपमा रहेको गाईपालन संस्कृति हराउँदै जाँदा त्यसको मारमा सिङ्गो जगत् पर्दै गएको आत्मबोध गर्दै उहाँ यस अभियानमा लाग्नुभएको छ। "रैथाने गाई नेपालको पहिचान र जीवनशैली नै हो। यससँग प्राकृतिक जीवनचक्र जोडिएको छ भन्ने कुरा बिर्सिँदा अचेल गाईपालन संस्कृति लोप हुँदैछ। जसकारण मानव स्वास्थ्य नै सङ्टोन्मुख छ", उहाँ भन्नुहुन्छ।

गाई आर्थिक, सामाजिक, सांस्कृतिक र पारिस्थितिकीय प्रणालीसँग अभिन्न रूपमा जोडिएको छ । गाई आधारित उत्पादनहरू (गाईप्याथी), आयुर्वेद, पञ्चगव्य र प्राकृतिक चिकित्सासँग पनि जोडिएकाले शरीर, मस्तिष्क र आत्माको स्वास्थ्यमा यसको अतुलनीय योगदान रहेकामा सबैजसोको मत छ । व्यावसायिक उद्देश्य मात्रै राखेर पालन गरिएका 'विकासे गाई'ले भने यो महत्व बोक्न सक्दैनन्। "जेनेटिकल्ली मोडिफाइ गरेर जर्सी, होलिस्टिनजस्ता विकासे गाई त बनाइयो तर त्यसको कुनै पनि उत्पादन हाम्रो देशी गाईको जस्तो हुँदैन। पचास वर्ष पहिले न्युजिल्याण्डका वैज्ञानिकले त्यस्ता गाईको दूधमा मानव स्वास्थ्यका लागि लाभदायक छैन भनेर पत्ता लगाइसकेका छन् । त्यसैले धेरै दूध दिन्छ भनेर रमाउने कि स्वस्थ जीवनका लागि, यो हरेकले सोच्नुपर्ने बेला आइसकेको छ", झाले उल्लेख गर्नुभयो।

नेपालमा भने रैथाने गाईपालन प्रचलन निरन्तर हराउँदैछ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार पछिल्लो १० वर्षमा गाई पाल्ने किसानको सङ्ख्यामा ठूलो गिरावट आएको छ । सो तथ्याङ्कानुसार देशमा १७ लाख आठ हजार परिवारले गाई-गोरुपालन गरिरहेका छन् । २०६८ सालको तुलनामा पाँच लाख ७३ हजार परिवारले कम हो। त्यसताका २२ लाख ८१ हजार परिवार यसमा सङ्लग्न थिए । विवरणअनुसार विगत १० वर्षमा १८ लाख सात सय ७१ हजार गाईगोरु घटेका छन्। पछिल्लो गणनामा नेपालभर गाईगोरुको सङ्ख्या ४५ लाख ५९ हजार रहेको छ जबकि २०६८ सालमा यो सङ्ख्या ६४ लाख ३० हजार रहेको थियो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको 'व्यावसायिक पशुपालन एकीकृत सर्वेक्षण २०७८' ले देशभर छ हजार चार सय ८६ व्यावसायिक पशुपालन फार्म रहेको तथ्य देखाएको थियो। त्यसमध्ये गाई फार्म एक हजार दुई सय ३३ थिए। उन्नत जातका गाईको सङ्ख्या ७५ प्रतिशतभन्दा बढी छ। यसले पनि नेपालमा करिब २५ प्रतिशतको हाराहारीमा मात्रै रैथाने देशी गाई रहेका देखाउँछ।

"थोरै दूध दिने १० वटा गाई पाल्नुभन्दा धेरै दूध दिने एउटै भैंसी वा जर्सी, होलिस्टिन गाई पाल्दा सजिलो मान्न थालिएको छ, जबकि यिनको दूध मानव स्वास्थ्यका लागि फाइदाजनक छैन भन्ने गरिएको छ", अभियन्ता झाले भन्नुभयो, "तर देशी गाईको एक लिटर दूधमात्रै अमृत समान हुन्छ, त्यसको नियमित सेवनले क्यान्सर प्रतिरोधी क्षमता विकास गर्ने कुरा प्रमाणित नै छ। घरमा एउटा मात्रै यस्तो गाई भएमा धेरै रोगव्याधी र समस्या समाधान हुन्छ भनेर विज्ञानले नै भनेको छ। शास्त्रको कुरा बेग्लै हो। प्राकृतिक गाईबाट बनेका पञ्चगव्यको महत्व नै बेग्लै छ। यो कुरा बुझ्नुपर्यो।"

यो कुरा बुझाउन सरकारी तवरबाटै पहल हुनुपर्थ्यो तर उल्टै धेरै दूध दिने गाईभैंसी पाल्न प्रोत्साहन गरिरहेको छ । नश्ल सुधारका नाममा विदेशी प्रजातिको नश्ललाई स्थानीय पशुमा वर्णशङ्कर गराउने अभियान निरन्तर चलिरहेको छ । यस्तो नीतिले स्थानीय नश्ल भने सङ्कटग्रस्त अवस्थामा पुगेका झाले बताउनुभयो । कतिपय रैथाने जातका पशुपन्छी लोप भइसकेका र कतिपय लोपोन्मुख अवस्थामा रहेका नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गतको राष्ट्रिय पशु प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्रको अध्ययनले नै देखाउँछ । केन्द्रका अनुसार हाल नेपालमा सात प्रजातिका पशुपन्छीका २५ वटा रैथाने नश्ल नेपालमा अस्तित्वमा छन् । संयुक्त राष्ट्रसङ्घको खाद्य एवं कृषि सङ्गठन (एफएओ)मा तराई गाई, पहाडी गाई, खैला गाई, सिरी, लुलु, अछामी नौमुठे र याक गरी सातवटा नश्ल सूचीकृत गरिएका छन्।

### देशी गाईको महत्व

"इतिहास पढ्दा गाई भारत वर्षमा मात्रै थियो, विदेशमा वा पश्चिमाहरूको देशमा कुनै गाई थिएन। त्यहाँ डेढ, दुई सय वर्ष पहिले यहीँबाट गाईको महत्व विस्तार भएको हो। पछि 'जेनेटिक मोडिफाई' गरेर जर्सी, एचएफ बनाएर विश्वव्यापी गरिएको छ। नेपालमा रहेका अधिकांश गाई तिनै प्रजातिका छन्", झाले भन्नुभयो।

देशी गाई नेपाल र भारतको एक महत्त्वपूर्ण दूधको स्रोत हो। यी गाईहरूले उत्पादन गर्ने दूध स्वास्थ्यका लागि अत्यन्त फाइदाजन हुन्छ । गाईमा आधारित पञ्चगव्यको आआफ्नै वैज्ञानिक महत्व छ । आधुनिक विज्ञानले नै यी उत्पादन विभिन्नि रोगहरूमा अचुक औषधिका रूपमा प्रयोग गर्न सकिने प्रमाणित गरिसकेको छ।

जानकारहरूका अनुसार गाई मात्र एक त्यस्तो प्राणी हो, जसले अक्सिजन ग्रहण गरेर अक्सिजन नै छोड्छ । यसको मूत्रमा सुन, तामा, क्याल्सियम, पोटासियम, सोडियम, नाइट्रोजन, फास्फेट गरी करिब २४ वटा तत्व र क्यान्सर प्रतिरोधी औषधीय गुण, दूधमा रेडियो विकीरणबाट रक्षा गर्ने शक्ति हुनाका साथै मांसपेशी, छाला तथा रगतको विकासका लागि आवश्यक तत्व र त्यसबाट बनेका घ्यू, दही, मोही आदि स्वास्थ्यका लागि लाभकारी र आयुर्वेदिक औषधिमा प्रयोग गरिने गुण रहेको बताइन्छ।

गोबरमा नाइट्रोजन, पोटासियम, कपर, मोलिब्डेनम, बोरक्स, कोबाल्ट सल्फेट, फस्फोरस, आइरन, म्यांगनीज, बोरोन, सोडियम पाइने र यो बायोग्यास तथा प्राकृतिक मलको रूपमा प्रयोग हुने गरेछ। अभियन्ता झा त देशी गाई प्राकृतिक जीवनको मुख्य आधारको रूपमा रहेको दाबी गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ, "देशी गाईलाई स्रोत बनाएर अगाडि बढेमा प्राकृतिक जीवज बाँच्न सकिन्छ । त्यसो नहुँदा पृथ्वी, जल, अग्नि, आकाश, वायु गरी पाँच तत्वले बनेको एकीकृत चक्र खल्बलिएको छ।" पूर्वप्रधानमन्त्री बिपी कोइरालाले यदि नेपाल समृद्ध हुनु छभने हरेक घरमा एउटा गाई, एक हलगोरु र जोत्ने खेत भनेका थिए तर उहाँकै पार्टीले त्यो बिर्सिएको उहाँको भनाइ छ।

### एउटा सिएको गोठालो बन्ने सपना

कृषिप्रधान नेपालमा कृषिलाई नै हेय भावले हेरिन्छ। खेतीयोग्य जमिन बन्जर बन्दैछन् तर हरेक युवाका लागि विदेश अन्तिम सपना बन्दैछ । अभियन्ता झा भने आफ्नो सबै सम्भावना छोडेर चार वर्षदेखि गाईको गोठालो बन्ने सपना बुनिरहनुभएको छ । पेसाले चार्टर्ड एकाउन्टेन्ट (सिए) । सुविधाका हिसाबले एक सम्पन्न जीवनशैली । नपुगेको केही छैन तर उहाँ प्राकृतिक जीवन नै हरेक मानिसको अन्तिम गन्तव्य हो भन्ने निष्कर्षसहित त्यसको अभ्यास आफैँबाट सुरुआत गरिरहनुभएको छ । "हाम्रोमा जसले गाई चराउँछ त्यसलाई हेयदृष्टिले गोठालो भनिन्छ, हेला गरिन्छ", उहाँले भन्नुभयो । पछिल्लो समय अव्यवस्थित जीवनशैली, अप्राकृतिक भोजन, माटो नछुने संस्कृति हाबी हुँदा हरेक मान्छे सुख खोज्ने नाममा रोगको सिकार बन्दैछ।

"हामीले सनातन मान्यता छोड्यौँ। खेतखलियान बर्सियौँ", झा भन्नुहुन्छ, "मलाईचाहिँ यो स्वबोध भएको छ, जसले यस बाटोमा लाग्न प्रेरित गरेको छ। स्वास्थ्य हुनका लागि माटो वा प्रकृतिसँगै रम्नुपर्छ। यो संस्कारको रूपमा विस्तार गर्ने योजना छ।"

यही स्वबोधले धनुषाको क्षीरेश्वरनाथ-८ दिगम्बरपुरमा 'जनकधाम' परियोजना सुरु भएको छ। बीस बिघामा फैलिएको यस धाममा हाल एक सय १० देशी गाईबाच्छा छन् । त्यहाँ २५ जनाले काम गरिरहेका छन् । गाईमा आधारित कृषि, हर्बल खेती, पञ्चगव्यको उपचार पद्धतिको विकास भइरहेको छ । रोचक त के छ भने त्यहाँ उत्पादित दूध दही बेचिँदैन । गोबर, गौमूत्र र दूधलगायत पञ्चगव्य र हर्बलको प्रयोग गरेर औषधिजन्य वस्तु उत्पादन हुन्छ । परियोजनाअन्तर्गन हाल ५० वटा गाईबाट दूघ उत्पादन सुरु भइसकेका र आगामी तीन वर्षभित्र एक हजारसम्म पुर्याउने लक्ष्य रहेको सञ्चालक झाले सुनाउनुभयो । उहाँका अनुसार यहाँ होमकेयर, प्रसनल केयर, फुड र मेडिसिन गरी चार किसिमका उत्पादन भइरहेका छन्।

"समाज र जीवनको जति पनि तप्का र आयाम छन्, त्योसँग गाईको सम्बन्ध कसरी जोडिएको छ भनेर प्रत्यक्ष अवलोकन गर्न मिल्ने गरी हामीले जनकधामको विकास गर्दैछौं । धर्म, रोजगारी, युवा, औषधि, स्वास्थ्य, विद्यार्थी तालिम अभ्यासस्थल, शिक्षा, जैविक उत्पादन र प्रयोग एकै ठाउँमा देख्न सकिने बनाउँदैछौँ", व्यवसायी झाले सुनाउनुभयो, "एग्रो, मेडिकल, आध्यात्मिक पर्यटनको विकास हाम्रो लक्ष्य हो।

## ‘सार्वजनिक सञ्चारमाध्यमले खोजमूलक समाचार सामग्रीमा जोड दिनुपर्छ’

काठमाण्डु । सार्वजनिक सञ्चारमाध्यमले खोजमूलक र विश्लेषणात्मक समाचार सामग्री उत्पादन गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय समाचार समिति (रासस) ले आइतबार आयोजना गरेको क्षमता विकास कार्यक्रम समापन समारोहमा कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले पुराना पत्रकारको ज्ञान नयाँ पुस्तामा हस्तान्तरण गरेर खोजमूलक समाचार सङ्कलन र सम्प्रेषणलाई प्रभावकारी बनाउन सकिने बताउनुभयो । त्यसका लागि ज्ञान हस्तान्तरणको विधि निर्माण गरिनुपर्ने उहाँको भनाइ थियो ।

सार्वजनिक सञ्चारमाध्यमले जनताको प्रश्नको उत्तर समाचारका माध्यमबाट दिनुपर्ने भन्दै कार्यकारी अध्यक्ष झाले प्रश्न नभई पत्रकारिता नहुने जिकिर गर्नुभयो । अग्रज पत्रकार राजेन्द्र दाहालले सार्वजनिक सञ्चारमाध्यमले घटनामा

> **सार्वजनिक सञ्चारमाध्यमले जनताको प्रश्नको उत्तर समाचारका माध्यमबाट दिनुपर्ने भन्दै कार्यकारी अध्यक्ष झाले प्रश्न नभई पत्रकारिता नहुने जिकिर गर्नुभयो ।**

आधारित समाचारमा जोड दिइरहेकामा अब खोजमूलक समाचार सामग्रीमा जोड दिनुपर्ने बताउनुभयो । त्यसमा राससको भूमिका अझ बढी महत्वपूर्ण हुने उहाँको भनाइ थियो । केही वर्षअघि राससको आलेख (फिचर) समाचार सामग्रीले नेपाली पत्रकारिताजगत्मा हलचल ल्याउने गरेको स्मरण गर्दै दाहालले त्यही स्वरुपमा खोज पत्रकारिता सुरु गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

पत्रकार विश्वमणि पोखरेलले बग्रेल्ती खुलेका ‘अनलाइन’मा राससकै समाचार प्रयोग हुने गरेको बताउनुभयो । सरकारले सञ्चारमाध्यमलाई वर्गीकरणका नाममा वार्षिक रु ३२ करोड जति विज्ञापन दिएको उल्लेख गर्दै यस प्रकारका क्षमता विकास कार्यक्रमलाई पनि थप गरिनुपर्नेमा जोड दिनुभयो ।

राससका महाप्रबन्धक सिद्धराज राईले घटना प्रधान समाचार सामग्रीबाट सार्वजनिक सञ्चारमाध्यम विषयवस्तु समाचार सामग्रीमा जानुपर्ने बताउनुभयो । मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी ममता बास्तोलाले मन्त्रालयले पहिलोपटक राखेको क्षमता विकास कार्यक्रम सफल भएकाले आगामी आर्थिक वर्षमा यसलाई थप व्यवस्थित गर्दै लैजाने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा सहभागीका तर्फबाट गोरखापत्र दैनिकका समाचारदाता भउचप्रसाद यादवले जान्दै, गर्दै आएको पत्रकारितामा क्षमता विकास कार्यक्रमले थप पालिस लगाउने काम गरेको बताउनुभयो । रेडियो नेपालका समाचारदाता सरिता खनालले सार्वजनिक सञ्चारमाध्यम अब खोजी पत्रकारिताका माध्यमबाट अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।एकदिने क्षमता विकास कार्यक्रममा रासस, गोरखापत्र, सार्वजनिक सेवा प्रसारण नेपालअन्तर्गतका रेडियो नेपाल र नेपाल टेलिभिजनका पत्रकारको सहभागिता रहेको थियो ।रासस

# ‘अनुचित लेनदेनमा सङ्लग्नलाई कानुन बमोजिम कारबाही हुन्छ’

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले कानुन विपरीतका अनुचित लेनदेन (मिटरब्याज) सङ्लग्नलाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरुले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले भन्नुभयो, “अनुचित लेनदेन सम्बन्धमा नेपाल प्रहरीका जिल्लास्थित कार्यालयमा प्राप्त उजुरीहरु छानबिन गरी टुङ्ग्याउने काम भइरहेको छ, यस्ता कार्यहरु कानुनअनुसार दण्डनीय भएकाले त्यस किसिमका कानुन विपरीतका क्रियाकलाप कोही कसैले गरेमा प्रचलित कानून बमोजिम कारवाही गर्न सरकार प्रतिबद्ध छ ।”

मन्त्री लेखकले अनुचित लेनदेन (मिटरब्याज) अपराधबाट सिर्जित समस्याको अन्त्य गरी दीर्घकालीन समाधान गर्नका लागि जाँचबुझ गरी राय/सुझाव सहितको प्रतिवेदन पेस गर्न आयोग गठन गरी कार्य गरिएको बतानुभयो । सो सम्बन्धमा आयोगमा दर्ता भएकामध्ये पाँच हजार २०० उजुरी फछ्र्यौट/सहमति भइसकेको उहाँको भनाइ छ ।

“साविकको आयोगलाई तोकिएको समयावधि सकिएको र यसअघिको आयोगबाट सोचेअनुरुप काम हुन नसकेको हुँदा बाँकी कामलाई गतिका साथ निष्कर्षमा पुर्‍याउन पुनः आयोग गठन गर्न लागिएको छ”, उहाँले भन्नुभयो । उहाँले पोखरा भ्रमण वर्ष २०२५ को उद्घाटन कार्यक्रममा भएको बेलुन विस्फोटको घटना सम्बन्धमा जवाफ दिँदै उक्त घटनाका सम्बन्धमा विस्तृत छानबिन गर्न कास्कीका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विज्ञसहितको छानबीन समिति गठन गरिएको जानकारी दिनुभयो ।

“उक्त समितिले आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा सुझाव दिनेछ, समितिको प्रतिवेदनका आधारमा मेला महोत्सवलगायतका कार्यक्रममा सुरक्षा सतर्कता व्यवस्थापनका सम्बन्धमा थप सावधानीहरु अपनाइने छ”, उहाँले भन्नुभयो । त्यसैगरी सोलुखुम्बुको सीमा प्रशासन कार्यालय नाम्चेबजार कर्मचारीविहिन भएको सम्बन्धमा जवाफ दिँदै छिट्टै कर्मचारी व्यवस्थापन गरी सेवा सञ्चालन गरिने जानकारी दिनुभयो । “सीमा अपराध नियन्त्रण तथा सीमामा नेपाली र भारतीय नागरिकको सुरक्षित, सहज र मर्यादित आवतजावतका लागि दुवै देशका सुरक्षा अधिकारीबीच समय-समयमा समन्वयतात्मक बैठक बस्ने गरेको छ, सिमामा सुरक्षा निकायबाट निगरानी बढाईएको छ”, उहाँले भन्नुभयो ।

यसै वर्षमा थप सात वटा सीमा आउटपोष्ट थप्ने तयारी भइरहेको उहाँको भनाइ छ । अवैध चोरी पैठारी नियन्त्रणमा पनि सक्रियता बढाइएको जनाउँदै उहाँले अवैध चोरी पैठारीमा संलग्न जो सुकैलाई पनि शून्य सहनशिलताको नीतिअनुरुप कारबाही गर्ने गरिएको बताउनुभयो ।

तनहुँको बन्दिपुर गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष बलबहादुर गुरुङले सोही वडाका वडा सचिव नविन भुसालमाथि गरेको अभद्र व्यवहारसम्बन्धी मुद्धामा जिल्ला प्रहरी कार्यालयमा दर्ता भइ कानूनी कारबाहीको प्रक्रिया अगाडि बढेको उहाँको भनाइ छ ।

“कर्मचारीमाथि जनप्रतिनिधिबाट भएका घटनाको शृ ला बढेको सन्दर्भमा सबै जिल्ला प्रशासन कार्यालयलाई यस्ता घटनाका सम्बन्धमा जोसुकै दोषीलाई कानुनी दायरामा ल्याएर कारवाही गर्न र कर्मचारी सुरक्षामा विशेष सतर्कता अपनाउन निर्देशन पनि दिइएको छ । कर्मचारीको सुरक्षा सरकारले गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहान्छु”, उहाँले भन्नुभयो ।

अछामको ढकारीमा दुई किशोरीको मृत्युका सम्बन्धमा जवाफ दिँदै उहाँले नेपाल प्रहरीबाट घटनास्थलबाट सङ्कलन गरिएका भौतिक प्रमाणको फोरेन्सिक परीक्षण, सिडिआर विश्लेषणलगायतको अनुसन्धान पूरा गरी २ जनाविरुद्ध कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरिएको बताउनुभयो । “जिल्ला अदालत, अछामबाट पुर्पक्षका लागि बाल सुधारगृह पठाउने आदेश भए बमोजिम डोटी बाल सुधारगृह पठाइएको र एक जना नाबालकलाई आवश्यक पर्दा पछि उपस्थित हुने गरी छाडिएको छ । दोषीलाई पक्राउ गरी कानुनी कारवाहीमा ल्याइसकिएको छ”, उहाँले भन्नुभयो ।

मन्त्री लेखकले समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत जघन्य प्रकृतिका अपराध हुन/गर्न नपाउने गरी स्थानीय सरोकारवाला निकायसँग समेत समन्वय गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । उहाँले महिलामाथि हुने हत्या, हिंसा र शोषणका विषयमा कानुन बमोजिम कारबाही गर्न सरकार प्रतिबद्ध रहेको समेत उल्लेख गर्नुभयो ।

गृहमन्त्री लेखकले विराटनगरमा १४ वर्षिय बालिकाको खाल्डो खनेर गाडिएको घटनामा अनुसन्धान थालिएको बताउनुभयो । उहाँले सो शंकास्पद मृत्युको सम्बन्धमा मृतकको मावली हजुर वुवा (सरयुग मण्डल), मावली हजुरआमा (बतासी मण्डल), माइलो मामा (राम बाबु मण्डल), माइली माइजु (जनकी मण्डल), बाबु (लालमन राय यादव, घर भारत), आमा (राज कुमारी राय यादव, घर भारत) लाई पक्राउ गरी अनुसन्धान जारी रहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “भारत घर भई हाल विराटनगर-५, विशालचोक, कलेर्वा टोल बस्ने वर्ष १४ की चादनी राय यादवको मावली घरदेखि ३८ मिटर पर खेतबारीमा खाल्डो खनी गाडेको शंकास्पद मृत्युको सम्बन्धमा पक्राउ गरी अनुसन्धान जारी छ ।”त्यसैगरी बाजुराकी १४ वर्षिया बालिकाको धनगढीमा भएको बलात्कार घटनाका सम्बन्धमा जाहेरी दरखास्तका आधारमा प्रतिबादी भुपेन्द्र नागरीलाई गत माघ २८ गते पक्राउ गरी कानुनी कारवाहीमा ल्याइसकिएको बताउनुभयो ।

“यस सम्बन्धमा माघ २५ गते कैलालीको धनगढी उप-महानगरपालिका वडा न. २ बस्ने वर्ष १६ को भुपेन्द्र नागरीले विद्यालयबाट घर फर्किने क्रममा चक्कु देखाइ आफ्नो घरको कोठामा लगी ज्यान मार्ने धम्की समेत दिइ इच्छाविपरीत जवरजस्ती करणी गरेको हुँदा निजलाई कानुन बमोजिम कारवाही गरी पाउँ भनि गत माघ २७ गते परेको उजुरीको आधारमा पक्राउ गरी कारवाही अगाडि बढाइएको छ”, उहाँले भन्नुभयो ।

जाजरकोट जिल्लाको भेरी नगरपालिकाको विभिन्न ठाँउमा चेकजाँच



> “म अत्यन्तै संवेदनशील छु । म कुनैपनि प्रकारको जातीय विभेद् र छुवाछुतको विरुद्धमा सधैं रहनेछु र रहेको छु, म आबद्ध पार्टी नेपाली कांग्रेस जन्मकालदेखि नै जातीय विभेद् र छुवाछुतविरुद्ध रहेको पार्टी हो, म अहिले र जीवनभर प्रतिबद्ध रहेको कुरा निवेदन गर्न चाहन्छु”,

पोष्टहरु रहेको सो पोष्टहरुमा खटिने नेपाल प्रहरी र ट्राफिक प्रहरीद्वारा सवारी दुर्घटना न्यूनीकरणका लागि ओभरलोड तथा सिट क्षमताभन्दा बढी यात्रुहरु राख्ने सवारी साधनलाई नियन्त्रणमा ल्याई सम्झाइ बुझाइ गरिएको उहाँले भन्नुभयो ।

साथै प्रहरीद्वारा रकम असुल गरिएको सम्बन्धमा सुक्ष्म रुपमा अनुसन्धान गर्दा त्यस्तो अनैतिक कार्य भएको नदेखिएको अनुसन्धानबाट देखिएको सम्बन्धमा कानुनी कारवाही गरिने उहाँको भनाइ छ । भारतको ओडिसास्थित कलिङ्ग इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्राको मृत्यु प्रकरणमा नेपाल सरकारले घटनाको सम्बन्धमा छानबिन गर्न, विद्यार्थीहरुको सुरक्षा एवं व्यवस्थापनका सम्बन्धमा कूटनीतिक तरिकाबाट सम्पर्क र समन्वय गरिरहेको उहाँले बताउनुभयो ।

“घटनाको विषयमा प्रधानमन्त्री, परराष्ट्रमन्त्रीज्यू, नेपालस्थित भारतीय दूतावासलगायत सिंगो नेपाल सरकारले गरेको पहल र प्रयासका कारण भारत सरकारले पनि यस घटनालाई निकै संवेदनशीलरुपमा लिएर सोही अनुसार कदम चालेको छ, यस घटनाका मुख्य दोषीलाई पक्राउ गरी कानुनी प्रक्रिया अगाडि बढेको, संलग्न केही कर्मचारीहरु निलम्वन भइसकेका र उच्चस्तरीय छानबिन समिति गठन भएको छ”, उहाँले भन्नुभयो ।

गृहमन्त्री लेखकले भन्नुभयो, “गृह मन्त्रालयको हकमा ७७ वटै जिल्ला प्रशासन कार्यालयबाट सम्बन्धित स्थानीय तहसँग सहकार्य र समन्वय गरी नियमितरुपमा बजार अनुगमनका गरी गलत गर्नेलाई कानून बमोजिम कारवाही गरिएको छ ।” त्यस्ता कार्यहरुको नियन्त्रणमा उपभोक्ताको पनि उत्तिकै भूमिका हुने आफूसँग भएको तथ्यपरक सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउन आग्रह गर्दै उहाँले उपलब्ध सूचनाका आधारमा जिल्ला प्रशासन कार्यालयहरुबाट कारवाही हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

### ‘सबै प्रकारका विभेदजन्य घटना र व्यवहार दण्डनीय’

गृहमन्त्री रमेश लेखकले सबै प्रकारका विभेदजन्य घटना र व्यवहार दण्डनीय हुने जनाउँदै सरकार त्यस्ता घटनामा संलग्नलाई प्रचलित कानूनी दायरामा ल्याउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । सिन्धुपाल्चोक जिल्ला भोटेकोशी गाउँपालिकामा २२ वर्षिय दिनेश विकको शंकास्पद मृत्युको घटनामा सङ्लन दोषीलाई कानून बमोजिम कडा कारवाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सङ्घीय संसद, राष्ट्रिय सभाको आजको वैठकमा सांसदहरुले राखेको प्रश्नको जवाफ दिँदै उहाँले सिन्धुपाल्चोक जिल्ला भोटेकोशी गाउँपालिकामा २२ वर्षिय विकको शङ्कास्पद मृत्युका सम्बन्धमा मृतकको काकाले दिएको किटानी जाहेरीमा उल्लेख भएका तीन जना व्यक्तिहरु देवकी घतानी, उलेजबहादुर घतानी र राजकुमार सुनारलाई पक्राउ गरिएको उल्लेख गर्नुभयो । निजहरु उपर अनुसन्धान जारी रेहको र त्यस सम्बन्धमा निस्पक्ष छानबीन गरी मुद्धा दायर गरिने उहाँको भनाइ छ ।

त्यसैगरी रौतहट घटनामा कसुर गर्नेमध्ये एक जनालाई पक्राउ गरी कानुन बमोजिम कारवाही र बाँकीको खोजतलास भइरहेको र बैतडी घटनामा दलित र गैरदलित दुवैको सहभागितामा मृतकको लाश कुर्ने, दाहसंस्कार गर्ने कार्य भएको भन्ने जानकारी प्राप्त भएको भएको संसदलाई जानकारी गराउनुभयो ।

“कुनै पनि जातीय विभेद तथा छुवाछुत, हत्या, हिंसा, शोषण र दुर्व्यवहारविरुद्ध सहज उजुरी गर्ने उद्देश्यले सबै जिल्ला प्रहरी कार्यालयमा अपराध अनुसन्धान शाखा, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, सामुदायिक प्रहरी केन्द्र, दलित डेस्क, नागरिक सहायता कक्ष, ठाडो उजुरी शाखा समेतको स्थापनागरी सञ्चालनमा ल्याइएको छ”, उहाँले भन्नुभयो ।

ती शाखामा प्राप्त जाहेरी/उजुरीलाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको उहाँको भनाइ छ । उहाँले यस्ता विषयमा मेलमिलाप तथा झुठ्ठा मुद्धामा फसाउने कार्य नभएको र त्यस्ता कार्य भएका कानून बमोजिम कारवाही गरिने व्यहोरा सदन समक्ष जानकारी गराउनुभयो ।

### ‘पीडितलाई राहत वितरण र पुनःस्थापनामा तीव्रता दिइएको छ’

गृहमन्त्री रमेश लेखकले विपत् व्यवस्थापनका सम्बन्धमा राहत र पुनःस्थापनालाई सरकारले तीव्रताका साथ अगाडि बढाएको बताउनुभएको छ। राष्ट्रियसभाको आइतबारको बैठकमा सांसदहरुले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले पछिल्लो समयमा भूकम्पबाट ठूलो जनधनको क्षति भएको बताउँदै यसबीचमा राहत र पुनःस्थापनालाई प्राथमिकताका साथ काम भइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “विस.२०७९ कात्तिक २३ गते डोटी र २०८० असोज १६ गते बझाङमा गएको भूकम्प र २०८० साल कात्तिक १७ गते राति जाजरकोट केन्द्र बिन्दु भई गएको भूकम्पबाट ठूलो जनधनको क्षति भएको हामी सबैलाई अवगत नै छ, यसबीचमा राहत र पुनःस्थापनाका कामहरु भएपनि जुन गतिमा हुनुपर्ने थियो त्यो हुन नसकेको यथार्थ हो, म गृहमन्त्रीको रुपमा आइसकेपछि यो प्रक्रियालाई अगाडि बढाउने कार्य प्राथमिकतामा राखी कार्य गरिरहेको छु ।”

डोटी भूकम्पको लाभग्राहीसँग सम्झौता सुरु भइसकेको उल्लेख गर्दै उहाँले हालसम्म करिब ५८३ परिवारसँग सम्झौता सम्पन्न भैसकेको र सम्झौताको आधारमा रकम निकासाको प्रक्रिया अगाडि बढेको संसदलाई जानकारी दिनुभयो । मन्त्री लेखकले भन्नुभयो, “जाजरकोट भूकम्पबाट प्रभावित जिल्लामा हालसम्म रु ३ अर्ब ९५ करोड ६५ लाख निकासा भइसकेको छ, रुकुम र जाजरकोट जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिबाट सिफारिस भै रितपूर्वक आएका सबै भूकम्प प्रभावितका लागि प्रथम र दोस्रो किस्ताको रकम पठाइसकिएको छ, गत माघमा मात्रै भूकम्प प्रभावितका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट रु ८० करोड निकासा भएको छ ।”

मनसुनजन्य विपद् एवं भूकम्पपीडितको पुनःस्थापना र क्षतिग्रस्त संरचनाको पुनःनिर्माण लागि विपद् व्यवस्थापन राष्ट्रिय परिषद्को गत पुस २८ गते बसेको बैठकले रु एक खर्ब एक अर्ब बराबरको पुनःनिर्माण तथा पुनःस्थापना योजना स्वीकृत गरी निजी आवास र भौतिक पूर्वाधार पुनःनिर्माणका लागि मार्गचित्र तयार भएको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, “सोको कार्यान्वयनका लागि अर्थ मन्त्रालयले स्रोत व्यवस्थापन गर्ने र कार्यान्वयन गर्ने निकायले योजनाको प्राथमिकीकरण गर्ने कार्य सुरु भएको छ, यसक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट कार्यान्वयन हुने गरी विपी राजमार्ग लगायतका प्रमुख राजमार्ग र पुल पुनःनिर्माणका लागि रकम विनियोजन भइ कार्य अघि बढिसकेको छ ।”

जाजरकोट भूकम्पको विस्तृत क्षति आकलन पनि यसै महिनाबाट सुरु भइसकेको र स्थलगत प्राविधिकहरुको तालिम सम्पन्न भइसकेको उहाँको भनाइ छ । पश्चिम नेपाल भूकम्पको पुनःनिर्माणका लागि सहयोग पुर्‍याउन बझाङ, अछाम र जाजरकोटमा स्थलगत कार्यालय खोल्नका लागि अस्थायी दरवन्दी सिर्जना भइसकेको उहाँको बताउनुभयो ।

“अस्थायी आवाससम्बन्धी कार्यविधिमा परिवार संख्याका हकमा आवासको क्षतिको हकमा परिवार संख्यालाई आधार नलिई विपद्का बखत एउटै आवासमा बसोबास गरिआएका जतिसुकै परिवार संख्या भएपनि ती सबैलाई एउटै परिवार मानी एउटा अस्थायी आवास लाभग्राही कायम गराउने व्यवस्था गरिएको छ”, उहाँले भन्नुभयो ।

त्यसैगरी सल्यान महोत्सवमा भएको आगलागीमा सुरक्षा टोली खटाई आगलागी पूर्ण रुपमा नियन्त्रणमा लिइएको साथै उक्त घटनामा मानवीय र पशु चौपायहरुको क्षति नभएको उहाँले जानकारी दिनुभयो । आगलागी कसले लगाएको सम्बन्धमा खुल्न नआएको र आवश्यक अनुसन्धान कार्य भैरहेको उहाँको भनाइ थियो ।

मन्त्री लेखकले भन्नुभयो, “त्यस्तै सिंहदरबारमा खानेपानी मन्त्रालयमा भएको आगलागीले हामीले सरकारी निकायमा अपनाउनुपर्ने सतर्कताका लागि थप सजग बनाएको छ । सिंहदबार परिसरमा रहेका निकायका भवनहरूको समग्र विपद् जोखिम मूल्याङ्कन गर्नेका लागि मन्त्रालयमा एउटा समिति गठन गरी काम अगाडि बढाइएको छ ।”

### ‘सिरहा घटनामा सङ्लग्नलाई कानुन बमोजिम कारबाही हुन्छ’

गृहमन्त्री रमेश लेखकले सिरहाको नवराजपुर गाउँपालिकामा १७ वर्षीया रिङ्कुमारी सदाको सामूहिक बलात्कारपछि मृत्युको घटनामा सङ्लग्नलाई कानुन बमोजिम कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

राष्ट्रियसभाको आजको बैठकमा सांसदहरुले राख्नुभएको जिज्ञाशाको जवाफ दिँदै उहाँले भन्नुभयो, “रिङ्कु सदाको घटनामा जति पनि मानिस सङ्लग्न छन्, अपराधमा सङ्लग्न भएका मानिसलाई सक्रियताका साथ खोजतलास गर्ने, अनुसन्धान गर्ने र कानुन बमोजिम कडा कारबाही गर्नेमा पुनः प्रतिबद्धता व्यक्त गर्दछु ।”

“विसं २०८१ माघ ३० गते सिरहाको नवरापुर गाउँपालिका-१ बस्ने रिङकुकुमारी सदा आफ्नै घरमा झण्डिई मृत अवस्थामा फेला परेको, सो सम्बन्धमा सोही वडामा बस्ने अन्दाजी वर्ष १९ को टिङ्कु भन्ने रुपेश मण्डलविरुद्ध आत्महत्या दुरुत्साहन कसुरमा जाहेरी दरखास्त दिएकामा निजको नाममा पक्राउ पूर्जी जारी थियो,” उहाँले भन्नुभयो ।

मन्त्री लेखकले यही फागुन ८ गते मृतकको आमाको तर्फबाट आठ जनाको विरुद्धमा अपहरण गरी आफ्नो नियन्त्रणमा राखी सामूहिक तबरबाट जबरजस्तीकरणी गरी हत्या गरेको र पञ्चायतीद्वारा लेनदेन गरी मिलापत्रसमेत गर्न खोजेको अन्तर्गतको कसुर शीर्षक उल्लेख गरी पूरक जाहेरी प्राप्त भएको पनि जानकारी दिनुभयो ।

पञ्चायतीमा सङ्लग्न तीन जनालाई पक्राउ गरी कानुन बमोजिमको प्रक्रिया अगाडि बढेको उल्लेख गर्दै उहाँले पूरक जाहेरी दरखास्तमा उल्लेख भएका आठजनाको नाममा पक्राउ पुर्जी जारी भएको संसद्लाई जानकारी गराउनुभयो । सो घटनाको समबन्धमा पीडकलाई पक्राउ गरी छिटोभन्दा छिटो कारबाहीको दायरामा ल्याउने गरी प्रहरीले सक्रियतापूर्वक खोजतलास गरिरहेको उहाँको भनाइ छ ।

मन्त्री लेखकले नेहा रौनियार र सत्येन्द्र रामको अन्तरजातीय विवाह सम्बन्धमा उठेका प्रशनको जवाफ दिँदै सो घटनाको मुद्दामा राज्य पक्षबाट कुनैपनि हस्तक्षेप नभएको बताउनुभएको छ । “मुलुकी अपराधसंहिता २०७४ को कानुनी व्यवस्था अनुरुप भएको अनुसन्धान र कारबाहीको विषयमा नेपाल प्रहरीले सार्वजनिकरुपमा जानकारी गराइसकेको छ, यस मुद्दामा राज्य पक्षबाट हस्तक्षेप भएको छैन । नेहा रौनियार र सत्येन्द्र रामको सुरक्षा सरकारले गर्ने प्रतिबद्धता व्यक्त गर्दछु”, उहाँले भन्नुभएको छ ।

अन्तरजातीय विवाहको सम्बन्धमा गृह मन्त्रालय गम्भीर र अत्यन्तै संवेदनशील रहेको जनाउँदै उहाँले नेपालको संविधानले प्रत्याभूत गरेको छुवाछुत तथा भेद्भावविरुद्धको हक एवं व्यक्तिका नैसर्गिक मानव अधिकारको रक्षा र त्यसको उपभोग गर्ने वातावरण निर्माण गर्ने कुरामा गृह मन्त्रालय क्रियाशील उल्लेख गर्नुभयो ।

“म अत्यन्तै संवेदनशील छु । म कुनैपनि प्रकारको जातीय विभेद् र छुवाछुतको विरुद्धमा सधैं रहनेछु र रहेको छु, म आबद्ध पार्टी नेपाली कांग्रेस जन्मकालदेखि नै जातीय विभेद् र छुवाछुतविरुद्ध रहेको पार्टी हो, म अहिले र जीवनभर प्रतिबद्ध रहेको कुरा निवेदन गर्न चाहन्छु”, उहाँले भन्नुभयो ।

मन्त्री लेखकले आफू वैयक्तिक स्वतन्त्रता र मानव अधिकार रक्षाका लागि विद्यार्थीकालदेखि लड्दै आएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “अन्तरजातीय विवाहप्रति पूर्वाग्रही भयो भन्नु मेरो जीवन मूल्य र आदर्शको अवमूल्यन हो भन्ने मैले ठानेको छु ।”

यसै घटनालाई लिएर संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिका पदाधिकारीसँग भएको भेटमा आफूले दलितमाथि हुने विभिन्न प्रकारका भेद्भाव, उत्पीडन, छुवाछुतलगायतका घटनाको अनुसन्धानमा सहजीकरण गर्न प्रहरी प्रधान कार्यालयमा दलित डेस्क स्थापना गर्ने प्रतिबद्धता अनुसार कार्य पनि अगाडि बढाएको जानकारी दिनुभयो । मन्त्री लेखकले भन्नुभयो, “सो अनुसार डेस्क स्थापना भएको छ र ७७ जिल्लामा स्थापना भएका डेस्कलाई थप प्रभावकारीरुपमा सञ्चालन गर्ने व्यवस्थासमेत मिलाइएको छ, यसबाट सामाजिक कुरीतिका रुपमा समाजमा विद्यमान छुवाछुत तथा भेद्भाव हटाइ कानुन कार्यान्वयन तथा सुशासन अभिवृद्धिमा योगदान पुग्न जानेछ ।” रासस

**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhesh Province, Nepal**

**Notice of Intent to Award the Contract**

**(Date of Publication: 2081-11-19)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of the Public Procurement Act, 2063, this is to notify all the bidders who submitted their bids electronically for below Mentioned work that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected for the award of the Contract.

| Contract no. | Name of Contract | Bidder's Name & Address | Accepted Bid Price (Ex.VAT) |
|---|---|---|---|
| 01/2081/82/SQ/WORKS | Additional work of Ward no. 12, Ward Office Building | M/S Chanda Construction, Janakpurdham-15 | 7,92,572.60 |
| 02/2081/82/NCB/WORKS | Additional work of Ward Office Building, Ward No. 1, Janakpurdham | M/S Ganesh Khushbu Nirman Sewa, Godaita-8, Sarlahi | 21,00,158.90 |
| 03/2081/82/NCB/WORKS | Cleaning and Excavation of Dirghikasar Pond at Ward No. 2 | M/S Ganesh Khushbu Nirman Sewa, Godaita-8, Sarlahi | 22,87,110.40 |
| 04/2081/82/NCB/WORKS | Installation of Hand Pipe with Platform in Different wards in Janakpudham | M/S Matarani Builders, Janakpurdham-12 | 35,43,427.00 |

**Chief Administrative Officer**

# युरोपेली नेताहरू लन्डन शिखर सम्मेलनमा युक्रेनलाई समर्थन बढाउन तत्पर

एएफपी

लन्डन । किएभ र वासिङ्टनबीचको आश्चर्यजनक झडपपछि युक्रेनका लागि सुरक्षा सहयोग र समर्थन बढाउन खोज्दै सङ्कट वार्ताका लागि आइतबार लन्डनमा एक दर्जनभन्दा बढी युरोपेली नेताहरू भेला हुँदैछन् ।

युक्रेनका सहयोगीहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूससँगको वार्तामा किएभलाई कमजोर पार्न लागेको बढ्दो चिन्ताको सामना गर्न आफ्नो दृढ प्रतिबद्धतालाई जोड दिइरहेका छन् ।ह्वाइट हाउसबाट निकालिएको भोलिपल्ट युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई शनिबार डाउनिङ स्ट्रिटमा न्यानो स्वागत गरिएको थियो ।उहाँले क्यामेराको सामुन्ने बेलायती प्रधानमन्त्रीलाई दुई पटक अँगालो हाल्नुभयो र रूसको आक्रमणबाट तीन वर्षभन्दा बढी समयदेखि बचाउ गर्दै आएको रक्षा क्षमता बढाउन ऋण सुरक्षित गर्नुभयो ।

"म युद्धको शुरुआतदेखि नै अत्यधिक समर्थनका लागि बेलायतका जनता र सरकारलाई धन्यवाद दिन्छु", जेलेन्स्कीले भन्नुभयो, "हामी यस्ता रणनीतिक साझेदारहरू पाएर र सबैका लागि सुरक्षित भविष्य कस्तो हुनुपर्छ भन्नेबारे एउटै दृष्टिकोण साझा गर्न पाउँदा खुसी छौँ ।"

सुरक्षा शिखर सम्मेलनमा युरोपेली सहयोगीहरूको समूहमा सामेल हुनुअघि उहाँले आइतबार राजा चार्ल्स तृतीयलाई भेट गर्नुहुने कार्यक्रम छ ।यस बैठकले फ्रान्स, जर्मनी, डेनमार्क र इटालीका साथै टर्की, नाटो र युरोपेली सङ्घ (इयु) लगायत महादेशीय युरोपका नेताहरूलाई एकसाथ ल्याउँदैछ ।बेलायती प्रधानमन्त्री किर स्टार्मरले भन्नुभयो, "अब



युक्रेनका लागि सर्वोत्तम परिणाम सुनिश्चित गर्न, युरोपेली सुरक्षाको रक्षा गर्न र हाम्रो सामूहिक भविष्य सुरक्षित गर्न हामी एकजुट हुने समय हो ।"

डाउनिङस्ट्रिटले आइतबारको शिखर सम्मेलनले फेरि 'स्थायी शान्ति प्रदान गर्ने बलियो स्थायी सम्झौताको' आवश्यकतालाई जोड दिने र 'बलियो सुरक्षा ग्यारेन्टीका लागि योजना बनाउने अर्को कदमहरू' बारे छलफल गर्ने बताएको छ ।

संयुक्त राज्य अमेरिकाले नाटोलाई निरन्तर समर्थन गर्नेछ कि छैन भन्ने बारे चिन्ता बढ्दै गर्दा बेलायतमा हुने यो भेलाले युरोपेली रक्षा सहकार्य बढाउने आवश्यकतालाई पनि सम्बोधन गर्नेछ ।

### अत्यन्त स्वागत योग्य

शनिबार जेलेन्स्कीको काफिला लन्डनमा पुग्दा समर्थकहरूको भीडले जयजयकार गरेको थियो ।

स्टारमरले ७५ मिनेटको बन्द ढोका वार्ताअघि जेलेन्स्कीलाई भन्नुभयो, "तपाईंलाई यहाँ डाउनिङ स्ट्रिटमा धेरै धेरै स्वागत छ ।"जेलेन्स्कीको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "दुवै जनाले युक्रेनको स्थिति र 'स्थायी र न्यायपूर्ण शान्तिका साथ... जसले रूसलाई युद्धविरामको उपयोग गरेर पुनः हतियार सङ्ग्रह गर्न र फेरि आक्रमण गर्न अनुमति दिनेछैन' द्वारा अन्त्य गर्ने तरिकाबारे छलफल गर्नुभयो ।"

उहाँहरूले युक्रेनको रक्षा क्षमतालाई समर्थन गर्न दुई अर्ब २६ करोड पाउन्ड (दुई अर्ब ८४ करोड डलर) ऋण सम्झौताको पनि अनावरण गर्नुभयो । यसलाई सार्वभौम रूसी सम्पत्तिको नाफाबाट फिर्ता तिर्नुपर्नेछ ।"यो रकम युक्रेनमा हतियार उत्पादन गर्न निर्देशित गरिनेछ", जेलेन्स्कीले भन्नुभयो, "यो साँचो न्याय हो-जसले युद्ध सुरु गर्‍यो उसले यसको मूल्य चुकाउनु पर्छ ।

"लन्डनमा रहँदा उहाँले 'यस्ता रणनीतिक साझेदारहरू पाउन र सबैका लागि सुरक्षित भविष्य कस्तो हुनुपर्छ भन्ने समान दृष्टिकोण साझा गर्न पाउँदा' खुसी भएको बताउनुभयो ।केही घण्टाअघि मात्र जेलेन्स्कीलाई ह्वाइट हाउसमा चिच्याएर बोल्न रोकिएको थियो ।

ओभल अफिसमा क्यामेराहरू घुमिरहँदा ट्रम्प र अमेरिकी उपराष्ट्रपति जेडी भान्सले रिसाएर जेलेन्स्कीलाई 'कृतज्ञ' नभएको र उहाँहरूले प्रस्ताव गरेको युद्धविरामका शर्तहरू अस्वीकार गरेको आरोप लगाउनुभयो ।ट्रम्पले उहाँलाई कृतज्ञता नदेखाएको र तेस्रो विश्वयुद्धको सम्भावनामा जुवा खेलेको आरोप पनि लगाउनुभयो ।

यसैबीच दलहरूले युद्ध अन्त्य गर्न वार्ता गरिरहेकाले जेलेन्स्कीले पुटिनसँग 'कुनै सम्झौता' हुन नहुने कुरामा जोड दिनुभयो ।

### रणनीतिक साझेदारहरू

ट्रम्पले युक्रेनका लागि वासिङ्टनको वर्षौंदेखिको समर्थनमा अचानक परिवर्तन गरेर किएभ र युरोपेली सहयोगीहरूलाई चिन्तित बनाउनुभएको छ ।

हालै पदभार सम्हाल्नुभएका रिपब्लिकन राष्ट्रपति ट्रम्पले आफूलाई पुटिन र जेलेन्स्की बीचको मध्यस्थकर्ताका रूपमा प्रस्तुत गर्नुभएको छ र पुटिनसँग सम्बन्ध सुधार गर्ने क्रममा किएभ र युरोपलाई किनारा लगाउनुभएको छ ।ओभल अफिसमा ट्रम्पले आफूले सार्वजनिक रूपमा रिपोर्ट गरिएको भन्दा बढी पुटिनसँग 'धेरै अवसरमा कुराकानी गरेको' बताउनुभयो ।

गत हप्ता वासिङ्टनमा स्टार्मरसँगको भेटपछि ट्रम्पले युक्रेनमा द्वन्द्व अन्त्य गर्ने सम्झौतामा 'धेरै प्रगति' भएको र वार्ता महत्त्वपूर्ण चरणमा रहेको बताउनुभएको थियो ।ह्वाइट हाउसको झगडापछि माफी माग्न अस्वीकार गरे पनि जेलेन्स्कीले 'कठिन संवादका बावजुद' युक्रेन र संयुक्त राज्य अमेरिका 'रणनीतिक साझेदार रहनेछन्' भनी जोड दिँदै उहाँ अझै पनि ट्रम्पले चाहेको युक्रेनको खनिज सम्पदामा सम्झौता गर्न तयार रहेको सङ्केत गर्नुभएको छ ।

"तर हामीले हाम्रा साझा लक्ष्यहरू साँच्चै बुझ्नका लागि एकअर्कासँग इमानदार र प्रत्यक्ष हुन आवश्यक छ", युक्रेनी नेताले एक्समा लेख्नुभयो ।यसैबीच रुसका पूर्वराष्ट्रपति दिमित्री मेदभेदेभले ' ओभल अफिसमा उचित थप्पड' पाउनुभएका जेलेन्स्कीलाई ' अभद्र सुँगुर' भन्नुभएको छ ।

मस्कोले जेलेन्स्कीको वासिङ्टन यात्रालाई 'पूर्ण असफलता' को रूपमा ब्रान्ड गरेको छ भने जर्मनीका विदेशमन्त्री एनालेना बेरबकले ट्रम्पलाई द्वन्द्वमा '... पीडित र आक्रमणकारीको भूमिका परिवर्तन' गरेको आरोप लगाउनुभयो ।"हिजोको साँझले बदनामीको नयाँ युग सुरु भएको छ भनेर रेखाङ्कित गर्‍यो", उहाँले भन्नुभयो ।

# गण्डकी प्रदेशस्तरीय भलिबलको उपाधि गलकोटलाई



कास्की । कास्कीको माछापुच्छे गाउँपालिकामा सञ्चालन भएको 'अध्यक्ष कप महिला तथा पुरुष गण्डकी प्रदेशस्तरीय भलिबल प्रतियोगिता'को पुरुषतर्फ बागलुङको गलकोट नगरपालिकाले उपाधि जितेको छ । यसैगरी महिलातर्फ शान्ता भलिबल ट्रेनिङ सेन्टर पोखरा च्याम्पियन बन्न सफल भयो ।

माछापुच्छे-७ धम्पुसमा शनिबार सम्पन्न भएको फाइनल खेलमा अघिल्लो वर्ष उपविजेता बनेको गलकोटले तनहुँको शुक्ला गण्डकी नगरपालिकालाई ३-१ सेटमा हराउँदै च्याम्पियन बन्यो । गलकोटले २५-२०, २५-१२, १६-२५ र २५-२०ले खेल आफ्नो पक्षमा पारेको थियो ।

च्याम्पियन बनेको गलकोटले नगद रु दुई लाखसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । उपविजेता शुक्ला गण्डकीले नगद रु एक लाख, ट्रफी र मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । सेमिफाइनल पुगेका बागलुङको निसिखोला गाउँपालिका नवलपुरको बौदीकाली गाउँपालिकाले रु ५० हजारका दरले पुरस्कार पाए ।

पुरुषतर्फ गलकोटका रेशम छन्त्याल उत्कृष्ट खेलाडी घोषित भए । शुक्ला गण्डकीका विष्णु क्षेत्री उत्कृष्ट स्पाइकर, अनिस कुमाल मिडल ब्लकर, क्रिस मल्ल ठकुरी उत्कृष्ट डिफेन्डर, गलकोटका मीन सुनार उत्कृष्ट सेटर, चिरन खड्का उत्कृष्ट सर्भर र सुरेन्द्र केसी उत्कृष्ट प्रशिक्षक घोषित भएका छन् । उनीहरूलाई पालिकाको लोगोअङ्कित खेलकुद पोशाक पुरस्कार प्रदान गरिएको थियो ।महिलातर्फ उपाधि चुमेको शान्ता भलिबल ट्रेनिङ सेन्टरले नगद रु एक लाख, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । त्यसैगरी बागलुङ नगरपालिका बागलुङ द्वितीय भई नगद रु ५० हजार ट्रफी, मेडल र प्रमाणपत्रमा चित्त बुझायो । सेमिफाइनलनमा उपविजेता बनेका माछापुच्छे गाउँपालिका 'ए' र 'बी'ले नगद रु २५-२५ हजार प्राप्त गरे ।

त्यसैगरी प्रतियोगिताको महिलातर्फ शान्ता भलिबल ट्रेनिङ सेन्टरकी निरुता शाही उत्कृष्ट खेलाडी, बागलुङ नगरपालिकाकी सोडा थापा उत्कृष्ट स्पाइकर, सलिना गुरुङ उत्कृष्ट डिफेन्डर, शान्ता भलिबल ट्रेनिङ सेन्टरकी शोभा पाइजा मिडल ब्लकर, टेनिशा छन्त्याल उत्कृष्ट सेटर, रोस्मिना गुरुङ उत्कृष्ट सर्भर र दिनेश चौधरी उत्कृष्ट प्रशिक्षक घोषित भएका थिए ।

उपाधि विजेता टोली तथा विधागत उत्कृष्ट खेलाडीलाई गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङ, उपाध्यक्ष सीता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत गोपीकृष्ण अर्याललगायतले पुरस्कार वितरण गर्नुभएको थियो । माछापुच्छे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा पर्यटकीय क्षेत्र धम्पुसमा यही फागुन १४ गतेदेखि तेस्रो संस्करणको माछापुच्छे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिकास्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता भएको हो । प्रतियोगितामा पुरुषतर्फ १६ र महिलातर्फ पाँच टोलीले प्रतिस्पर्धा गरेका थिए ।रासस

# बोलिभियामा दुई बस ठोक्किएपछि कम्तीमा ३७ जनाको मृत्यु

एएफपी

ला पाज । बोलिभियाको दक्षिणी भागमा शनिबार राजमार्गमा दुई यात्रुवाहक बस ठोक्किँदा आठ नाबालकसहित कम्तीमा ३७ जनाको मृत्यु भएको प्रहरीले बताएको छ । यो यस वर्ष हालसम्मकै सबैभन्दा खराब बस दुर्घटना हो ।

पोटोसी विभागमा उयुनी सहर नजिकै भएको दुर्घटनाबारे कर्नेल विलसन फ्लोरेसले भन्नुभयो, "हालसम्म हामीले ३७ मृत्युको पुष्टि गरेका छौँ ।" अन्य ४१ जना घाइते भएका र उनीहरूलाई अस्पताल लगिएको प्रहरीले जनाएको छ ।मारिनेमा पाँच पेरुभियाली र तीन वर्षीया जर्मन बालिकासहित छ जना विदेशी नागरिक थिए । अन्य सात नाबालकको पनि मृत्यु भएको छ ।

दुर्घटना शनिबार बिहानै एक साँघुरो दुईतर्फी सडकमा भएको थियो ।

यस सप्ताहन्तमा आयोजना हुने ओरुरो कार्निभलका लागि एउटा बस ओरुरो सहरतर्फ जाँदै थियो । ओरुरो कार्निभल दशौँ हजार मानिसलाई आकर्षित गर्ने ल्याटिन अमेरिकाको सबैभन्दा ठूलो उत्सवहरू मध्ये एक हो ।

पोटोसी अभियोजक गोन्जालो अपारिसियोले राज्य-सञ्चालित समाचार एजेन्सी एबिआईलाई एक बसका चालकले मदिरा सेवन गरेको र तीव्र गतिमा विपरीत लेनमा पुगेर आउँदै गरेको सवारीसँग ठोक्किएको बताउनुभयो । "हालसम्म थाहा भएअनुसार एक बसका चालक मादक पदार्थको प्रभावमा थिए", उहाँले भन्नुभयो ।यसअघि एक अधिकारीले गम्भीर अवस्थामा दुर्घटनाबाट बाँचेका एक चालकको 'रक्सीको गन्ध' भएको र त्यसैले रक्त परीक्षण गरिएको बताए ।बोलिभियाका घुमाउरो पहाडी सडकहरू अत्यन्तै घातक मानिन्छन् । सरकारी तथ्याङ्कअनुसार करिब एक करोड २० लाख जनसङ्ख्या भएको देशमा सडक दुर्घटनाबाट हरेक वर्ष औसत एक हजार चार सय जनाको मृत्यु हुने गरेको छ ।

बोलिभियन अब्जरभेटरी अफ सिटिजन सेक्युरिटीका अनुसार दक्षिण अमेरिकी यस देशमा मृत्यु भएका सबै ट्राफिक दुर्घटनाहरूको १०.६ प्रतिशत पोटोसीमा हुने गर्छ ।प्रहरी प्रतिवेदनअनुसार शनिबारको ठक्करअघि यस वर्ष पोटोसीमा मात्र ६४ व्यक्तिको ट्राफिक दुर्घटनामा मृत्यु भएको थियो ।दक्षिणी बोलिभियामा यात्रु बस आठ सय मिटर गहिरो खोलामा खस्दा कम्तीमा ३० जनाको मृत्यु भएको दुई हप्ताभन्दा पनि कम समयमा शनिबारको दुर्घटना भएको हो ।



यो दुर्घटना पोटोसी र ओरुरो सहरबीचको एक साँघुरो दुईतर्फी सडकमा भएको थियो । यहाँ बाटो लगभग आधा माइल गहिरो खोँचको किनारैकिनार लगेको छ ।

# इरानी सांसदहरूले अर्थमन्त्रीलाई बर्खास्त गर्ने पक्षमा मतदान गर्ने



एएफपी

तेहरान । उच्च मुद्रास्फीति र राष्ट्रिय मुद्रा रियालको तीव्र अवमूल्यनपछि इरानको संसद्ले आइतबार देशका अर्थमन्त्रीविरुद्ध महाभियोगको कार्यवाही सुरु गरेको छ ।

आइतबार कालो बजार (ब्ल्याक मार्केट) मा रियाल अमेरिकी डलरको तुलनामा नौ लाख २० हजारभन्दा बढीमा कारोबार भइरहेको थियो । यो सन् २०२४ को मध्यमा छ लाखभन्दा कम थियो ।

राष्ट्रपति मसुद पेजेस्कियानले सांसदहरूलाई मन्त्री अब्दोलनासर हेममतीको रक्षा गर्ने प्रस्ताव गर्नुभएको छ ।

> राष्ट्रपति मसुद पेजेस्कियानले सांसदहरूलाई मन्त्री अब्दोलनासर हेममतीको रक्षा गर्ने प्रस्ताव गर्नुभएको छ ।

उहाँले आफ्नै रेकर्डको समर्थनमा पनि बोल्नुहुनेछ ।संसद्ले दिउँसो महाभियोगमा मतदान गर्ने अपेक्षा गरिएको छ । कुनै पनि बर्खास्तगीलाई २९० सीटे संसद्को बहुमतको समर्थन आवश्यक पर्दछ ।

गम्भीर आर्थिक अवस्थाका लागि जिम्मेवार रहेको विश्वास गर्ने अर्थमन्त्रीलाई रिसाएर निन्दा गर्दा धेरै सांसदले आफ्नो आवाज उठाए ।

"जनताले मुद्रास्फीतिको नयाँ लहरलाई सहन सक्दैनन् ; विदेशी मुद्रा र अन्य सामानको मूल्यमा भएको वृद्धिलाई नियन्त्रण गर्नैपर्छ", एक सांसद रुहोल्लाह मोटेफक्कर-आजादले भन्नुभयो । "जनताले औषधि र चिकित्सा उपकरणहरू किन्न सक्दैनन्", अर्का फातेमा मोहम्मदबेगीले भन्नुभयो ।

पेजेस्कियानले जुलाईमा अर्थतन्त्रलाई पुनर्जीवित गर्ने र पश्चिमीले लगाएको केही प्रतिबन्धहरू अन्त्य गर्ने महत्त्वाकांक्षाका साथ पदभार ग्रहण गर्नुभएको थियो ।तर विशेष गरी डिसेम्बरमा इरानको मित्र सिरियाका बशर अल-असदको पतन यता रियालको अवमूल्यन झन् तीव्र भएको छ ।दमास्कसमा उहाँको सरकार पतन हुनुभन्दा अघिल्लो दिन इरानको कालो बजारमा करिब सात लाख १७ हजार रियालमा एक डलरको कारोबार भएको थियो ।

### अनियन्त्रित मुद्रास्फीति


दशकौँको अमेरिकी नेतृत्वको प्रतिबन्धले इरानको अर्थतन्त्रलाई पनि बिगारेको छ र सन् २०१८ मा वासिङ्टन ऐतिहासिक सन् २०१५ आणविक सम्झौताबाट बाहिर निस्किएपछि मुद्रास्फीति झन् बिग्रँदै गएको छ ।

औपचारिक रूपमा संयुक्त व्यापककार्ययोजना(जेसिपिओए) भनिने यो सम्झौताले प्रतिबन्धहरू कम गर्ने र देशको आणविक गतिविधिहरूमा सीमाहरू बढाउने बदलामा इरानमा पश्चिमी लगानी फिर्ता गर्ने व्यवस्था गरेको थियो ।जनवरीमा ह्वाइट हाउस फर्कनुभएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रतिबन्धहरू थप कडा पार्दै इरानमाथि 'अधिकतम दबाब' दिने आफ्नो नीतिलाई पुनर्जीवित गर्नुभएको छ ।इरानी अर्थतन्त्र सन् २०१८ देखि नै प्रत्येक दिनका इरानीहरूमाथि भारी पर्ने द्रुत मुद्रास्फीति, उच्च बेरोजगारी र मुद्राको अवमूल्यनको दबाबमा छ ।

विश्व बैंकको आँकडा अनुसार सन् २०१९ देखि इरानमा मुद्रास्फीति वार्षिक ३० प्रतिशतभन्दा माथि रहेको छ । वासिङ्टनस्थित संस्थाको अन्तिम प्रतिवेदनअनुसार सन् २०२३ मा यो ४४ प्रतिशतसम्म पुगेको थियो ।इरानी संविधानअनुसार मन्त्रीको बर्खास्तगी तुरुन्तै प्रभावकारी हुनेछ र सरकारले प्रतिस्थापन चयन नगरेसम्म कार्यवाहक नियुक्त गरिनेछ ।

सन् २०२३ अप्रिलमा अन्तर ाष्ट्रिय प्रतिबन्धसँग जोडिएको मूल्यवृद्धिका कारण सांसदहरूले तत्कालीन उद्योगमन्त्री रेजा फातेमी अमिनलाई बर्खास्त गर्ने पक्षमा मतदान गरेका थिए ।

# अन्तरपालिका भलिबलः पुर्चौडी विजयी, पञ्चेश्वर बाहिरियो



बैतडी । बैतडीमा जारी मैनेजर तेजबहादुर चन्द स्मृति अन्तरपालिका जिल्लास्तरीय भलिबल प्रतियोगितामा पुर्चौडी नगरपालिका विजयी भएको छ । आइतबार भएको खेलमा पञ्चेश्वर गाउँपालिकालाई ३-२ को सेटमा हराउँदै पुर्चौडी विजयी भएको हो ।

साहिलेकस्थित वीरेन्द्र माविको खेलमैदानमा भएको खेलमा सुरुमा दुई सेट पञ्चेश्वरले आफ्नो पक्षमा पारेको थियो । त्यसपश्चात बाँकी तीन सेट पुर्चौडीले जित्तेको हो । पहिलो सेट पञ्चेश्वरले २९-२७, दोस्रो सेटमा २५-२१ ले जित हासिल गरेको थियो । त्यसपछि पुर्चौडीले तेस्रो सेट २५-१९, चौथो २५-२१ र निर्णायक तथा अन्तिम सेट १७-१५ को अङ्कले हात पार्दै खेलमा जित निकाल्यो ।

मैनेजर तेजबहादुर चन्द ट्रष्टको आयोजनामा गत बिहीबारदेखि भएको प्रतियोगितामा डिलाशैनी गाउँपालिकाबाहेक जिल्लाका सबै पालिकाको सहभागिता छ । प्रतियोगिताको विजेताले रु एक लाख २५ हजार पुरस्कार पाउने ट्रष्टका सचिव विनोदबहादुर चन्दले जानकारी दिनुभयो ।

उपविजेताले रु ७५ हजार, तृतीयले रु ३५ हजार, सान्त्वनालाई रु १५ हजार र उत्कृष्ट खेलाडीलाई रु पाँच हजार पुरस्कार दिइनेछ । यसअघि सम्पन्न प्रतियोगिताको उपाधि मेलौली नगरपालिकाले जितेको थियो । प्रतियोगिताले भलिबल खेलाडी उत्पादनमा सहयोग मिल्ने विश्वास गरिएको छ ।

दशरथचन्द नगरपालिका- ५ घर भएका तेजबहादुर चन्द वाणिज्य बैंकका क्षेत्रीय प्रबन्धक हुनुहुन्थ्यो । उहाँकै स्मृतिमा विसं २०७४ मा स्थापना भएको ट्रष्टले जिल्लामा विभिन्न सामाजिक कार्यका साथै खेलाडीको क्षमता अभिवृद्धिका लागि हरेक प्रत्येक वर्ष भलिबल प्रतियोगिताको आयोजना गर्दै आएको छ ।रासस

> प्रतियोगिताको विजेताले रु एक लाख २५ हजार पुरस्कार पाउने ट्रष्टका सचिव विनोदबहादुर चन्दले जानकारी दिनुभयो ।

### सुर्नया सेमिफाइनलमा

सुर्नया गाउँपालिकाको टोली यहाँ जारी 'मैनेजर तेजबहादुर चन्द स्मृति अन्तरपालिका जिल्लास्तरीय भलिबल प्रतियोगिता'को सेमिफाइनलमा प्रवेश गरेको छ ।

आज सम्पन्न दोस्रो क्वाटरफाइनल खेलमा पुर्चौडी नगरपालिकालाई ३-२ सेटले हराउँदै सुर्नयाले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो ।

शाहिलेकस्थित वीरेन्द्र माविको खेलमैदानमा भएको उक्त खेलमा पहिलो सेट २५-२१ र दोस्रो सेट २५-२० अङ्कले जितेको सुर्नयाले त्यसपछिका दुई सेट २७-२५ र २५-२१ अङ्कले गुमायो । अन्तिम सेट सुनर्याले १५-८ अङ्कले जित्यो ।

'मैनेजर तेजबहादुर चन्द ट्रष्ट'को आयोजनामा गत बिहीबारदेखि सुरु भएको उक्त प्रतियोगितामा डिलासैनी गाउँपालिकाबाहेक जिल्लाका सबै पालिकाको सहभागिता छ । प्रतियोगिताको विजेताले रु एक लाख २५ हजार पुरस्कार पाउने ट्रष्टका सचिव विनोदबहादुर चन्दले जानकारी दिए । यस्तै, उपविजेताले रु ७५ हजार, तृतीयले रु ३५ हजार, सान्त्वना स्थान प्राप्त गर्नेलाई रु १५ हजार र उत्कृष्ट खेलाडीलाई रु पाँच हजार पुरस्कार दिइनेछ । यसअघि सम्पन्न प्रतियोगिताको उपाधि मेलौली नगरपालिकाले जितेको थियो ।

दशरथचन्द नगरपालिका-५ का तेजबहादुर चन्द वाणिज्य बैङ्कका क्षेत्रीय प्रबन्धक हुनुहुन्थ्यो । उहाँकै स्मृतिमा २०७४ सालमा स्थापना भएको ट्रष्टले जिल्लामा विभिन्न सामाजिक कार्यका साथै खेलाडीको क्षमता अभिवृद्धिका लागि हरेक वर्ष भलिबल प्रतियोगिता आयोजना गर्दै आएको छ ।रासस

# पशुपालन व्यवसाय सङ्कटमा

मुस्ताङ । पछिल्लो समय उपल्लो मुस्ताङमा हिमचितुवा र मानवबीचको द्वन्द्वले पशुपालन व्यवसाय सङ्कटमा पर्न थालेको छ । हिमचितुवाको आतङ्कले स्थानीय पशुधनमाथि आक्रमण गरी पटकपटक क्षति तुल्याउने घटना दोहोरिँदा ` उपल्लो मुस्ताङका किसानको सदियौँ वर्ष पुरानो पशुपालन व्यवसाय सङ्कटमा पर्न थालेको हो ।

जिल्लामा हिमचितुवाको एकीन तथ्याङ्क छैन । अन्नपूर्ण सरक्षण क्षेत्र आयोजना (एक्याप) को स्वामित्वमा रहेको उपल्लो मुस्ताङमा हिमचितुवाले चरन क्षेत्र, खर्क र पशु गोठमै पसेर पशुधनको क्षति गरिदिँदा उपल्लो मुस्ताङका पशुपालक किसानको व्यवसाय नै लोप हुने खतरा बढेको हो । जलवायु परिवर्तनले हिमाली उच्च लेकमा चरन क्षेत्र साँघुरिँदै जान थालेको, चरन क्षेत्रमा घाँस पलाउन छाडेको र घाँसको खोजीमा हिमचितुवाको मुख्य आहार नाउर बस्ती तल झर्ने गरेको पाइएको छ । हिमालकी रानी हिमचितुवा आहारको खोजीमा नाउरलाई पछ्याउँदै बस्तीसम्म आइपुग्दा घरपालुवा पशुचौपाया क्षति हुने जोखिम बढेको हो । तर संरक्षिणविद्हरूले हिमचितुवा सडक र बस्तीमा झर्नुमा फरकफरक भनाइ राख्ने गरेका छन् ।



सडक र बस्तीमा देखिन थालेपछि स्थानीय पशुपालकले पालन गरेका घरपालुवा घोडा, खच्चड, याकचौँरी, भेडाच्याङ्ग्रालगायतमा क्षति हुने जोखिम बढेको हो ।

दुई वर्षअघि लोघेकर दामोदरकुण्ड-२ ढाक्मरमा स्थानीय किसान मिङमार गुरुङको ७९ वटा च्याङ्ग्रा हिमचितुवाले आक्रमण गरी मार्यो । तारबारसमेत लगाइएको च्याङ्ग्रा गोठमा जाली नाघेर चारवटा हिमचितुवा खोरमा पसेर गुरुङको ठूलो सङ्ख्यामा च्याङ्ग्रा क्षति पुर्यायो । यस्तै, चालु वर्ष फागुनको पहिलो हप्ता मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-३ समरका स्थानीय पशुपालक नवीनकुमार गुरुङको गोठमा रहेको ३३ वटा च्याङ्ग्रामध्ये चारवटा हिमचितुवाले आक्रमण गरी मार्यो । नवीन र मिङ्मार केवल प्रतिनिधि पात्रमात्र हुन् । मुस्ताङमा हिमचितुवाले लोमान्थाङ, लोघेकर दामोदरकुण्ड, वारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङका दर्जनौँ पशुपालक किसानलाई हिमचितुवा र अन्य वन्यजन्तुले पशुधनमा क्षति तुल्याउन गरेको छ । यसैका कारण मुस्ताङमा घरपालुवा पशुपालन व्यवसायमा हिमचितुवा र वन्यजन्तुको थप जोखिम बढेको हो ।

> यसैगरी गत वर्ष उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाअन्तर्गतका विभिन्न पशुपालक किसानको कुल एक सय ८० वटा पशुधनमा हिमचितुवाले क्षति बनाएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङले चालु आवको १० महिनामा हिमचितुवाले १३ वटा पुशधनमा क्षति तुल्याएको बताएको छ । एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलका अनुसार चालु आव २०८१/८२ को साउनदेखि माघ मसान्तसम्ममा तीनवटा घोडा, छवटा च्याङ्ग्रा र चारवटा याकलाई हिमचितुवाले आक्रमण गरी क्षति बनाएको जानकारी दिनुभयो ।

यसैगरी गत वर्ष उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्डगाउँपालिकाअन्तर्गतका विभिन्न पशुपालक किसानको कुल एक सय ८० वटा पशुधनमा हिमचितुवाले क्षति बनाएको छ । एक्याप कार्यालय लोमान्थाङको रेकर्डअनुसार गत वर्ष घोडा १४, च्याङ्ग्रा एक सय ५४ र भेडा १२ वटालाई हिमचितुवाले मारेको थियो । मुस्ताङमा आव २०७९/८० मा मुस्ताङका पाँचवटै पालिका गरी १३ घरपरिवारका ६५ पशुधनमा क्षति भएको थियो ।

जिल्लाको पुर्ख्यौली व्यवसायका रूपमा याकचौँरी, घोडा र भेडाच्याङ्ग्रा पालन गर्ने गरिएको छ । यो यहाँको आर्थिक व्यवसायका रूपमा मात्र सीमित छैन, हिमाली संस्कृतिसँग पनि जोडिएको छ । यसरी पालन गरिएका याकचौँरी र भेडाच्याङ्ग्रा पशुपालक किसानलाई एक्याप कार्यालयले आवश्यक प्रक्रिया पुर्याएर नियमानुसार राहत वितरण गर्ने गरेको छ । तर, एक्यापले वन्यजन्तु क्षतिको राहत वितरण गर्ने गरेको भए पनि उपल्लो मुस्ताङका पशुपालकले राहतका लागि एक्यापको सम्पर्क आउनेको सङ्ख्या कम भएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख पौडेलको भनाइ छ । उहाँले वन्यजन्तुपीडित घटना घटे पनि राहतको लागि सम्पर्क आउन नसक्दा वन्यजन्तुको क्षति एकीन तथ्याङ्क सङ्कलन गर्न समस्या पर्ने गरेको बताउनुभयो । “हामीले वन्यजन्तु क्षति भएमा समुदायमा रिपोर्ट गर्न भनेका छौँ, संरक्षण क्षेत्र व्यवस्थापन समिति र प्रहरी युनिट पनि छन्”, एक्याप लोमान्थाङ प्रमुख पौडेलले भन्नुभयो, “वन्यजन्तु क्षतिका विवरण सङ्कलनदेखि सबै कागजी प्रक्रियाका एक्याप कार्यालयले कर्मचारी खटाएर सहजीकरण गर्छ ।” कार्यालय प्रमुख पौडेलले अब चाँडै वन्यजन्तु क्षति रकम आउने र त्यसलाई समुदायमा पुगेर पीडितलाई वितरण गरिने जानकारी दिनुभयो ।


एक्याप लोमान्थाङअन्तर्गत उपल्लो मुस्ताङका वन्यजन्तु पीडितले दुई वर्षयता राहत पाउन नसके पनि एक्याप जोमसोम कार्यालयले भने वन्यजन्तुपीडितलाई निरन्तर क्षति राहत वितरण गर्दै आइरहेको छ ।

पशुधनको क्षति भएमा एक्याप कार्यालयको रोहबर, प्रहरी, संरक्षण व्यवस्थापन समिति र पशु भेटेरिनरी अस्पतालका पशु चिकित्सक लगाएको उपस्थिति क्षति लागत अनुमान गरी राहत वितरण गर्ने गरिन्छ ।

एक्यापले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ‘क’ले दिएको अधिकार प्रयोग गरी वन्यजन्तु क्षति निर्देशिका, २०८० कार्यान्वयनमा ल्याएको छ । वन्यजन्तुपीडितलाई राहत वितरण गर्ने प्रक्रियालाई सहज र व्यवस्थित गर्ने उद्देश्यले कार्यान्वयनमा आएको नयाँ निर्देशिकाले पशुपालक किसानलाई राहत उपलब्ध गराउन टेवा पुग्ने एक्यापको भनाइ छ ।रासस

पछिल्लो दुई वर्षयता उपल्लो मुस्ताङमा हिमचितुवा सडक र बस्ती नजिक देखिन थालेका छन् । गत वर्ष मुस्ताङमा दुईवटा हिमचितुवा कागबेनी गाउँ नजिकै देखापरेको थियो । हिमचितुवा दिनदहाडै

# फागुन १५ गतेलाई ‘राष्ट्रिय बाँस जागरण दिवस’ निर्णय




खोटाङ । बाँसको सङ्ग्रहालय स्थापना गरेर खोटाङलाई ‘बाँसको राजधानी’का रूपमा पहिचान दिलाउन पहल गर्ने निर्णय गरिएको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आयोजनामा सम्पन्न प्रथम राष्ट्रिय बाँस सम्मेलनले जारी गरेको घोषणापत्रमा यस्तो निर्णय समेटिएको हो ।

तीन दिनसम्म सञ्चालन भएको सम्मेलनले जारी गरेको ३५ बुँदे ‘खोटाङ घोषणापत्र’मा दिक्तेलमा बाँस अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गर्न पहल गर्ने, पहिलोपटक राष्ट्रिय बाँस सम्मेलन सुरु भएको दिन फागुन १५ गतेलाई हरेक वर्ष ‘राष्ट्रिय बाँस जागरण दिवस’का रूपमा मनाउन पहल गर्ने, प्रत्येक तीन वर्षमा राष्ट्रिय बाँस सम्मेलन आयोजना गर्ने निर्णय गरिएको छ । ‘जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहाँ बाँस’ भन्ने नारासहित फागुन १५ गते सुरु गरिएको बाँस सम्मेलन बाँसको अपार सम्भावनालाई स्वीकार गर्दै फागुन १७ गते सम्पन्न भएको छ ।

जिल्ला घोषणापत्रमा बाँसलाई छिटो बढ्ने, बहुउपयोगी र नवीकरणीय स्रोतका रूपमा मान्दै यसले नेपालमा दिगो जीविकोपार्जन, चक्रिय अर्थतन्त्रको प्रवर्द्धन तथा वातावरण संरक्षणमा महत्त्वपूर्ण योगदान दिन सक्ने विश्वास गरिएको छ । सम्मेलन अवधिभर बाँससँग सम्बन्धित नीति निर्माण, खेती विस्तार, उद्यम विकास, बजारीकरणलगायत विषयमा ४४ जना विज्ञ तथा अध्येताबाट प्रस्तुत भएका २३ वटा कार्यपत्रको निचोडको आधारमा घोषणापत्र जारी गरिएको हो ।

घोषणापत्रमा बजारको मागअनुसार बाँसका विविध प्रजातिको व्यावसायिक खेती प्रवर्द्धन गर्ने, बाँसका बिरुवाको उत्पादन तथा खेती विस्तार गर्ने, नदी किनार, बाँझो जग्गा, सामुदायिक वन तथा गैर कृषिभूमिमा बाँस रोपणलाई प्रवर्द्धन गर्ने बुँदा समेटिएको मुख्य आयोजक दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराईले बताउनुभयो । यस्तै, बाँस खेतीसम्बन्धी अध्ययन, अध्यापन, अनुसन्धान तथा ज्ञान आदानप्रदानलाई प्रोत्साहित गर्ने, स्थानीय मौलिक कला, संस्कृति तथा परम्परागत ज्ञानको संरक्षण गर्दै पुस्तान्तरण गर्ने, बाँसमा आधारित उद्योगमा दक्षता र उत्पादन गुणस्तर सुधार गर्न रणनीतिक व्यावसायिक नमूना विकास गर्ने बुँदा उल्लेख छ ।

दिक्तेलस्थित खोटाङ बहुउद्देश्यीय कभर्डहलमा औपचारिक उद्घाटन गरिएको प्रथम राष्ट्रिय बाँस सम्मेलनमा नजिकै रहेको माटिकोरे खेलमैदानमा बाँसका सामग्रीसहित विभिन्न ५१ वटा प्रदर्शनी कक्ष राखिएको थियो । नगरपालिकाले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बबरमहल, पर्यटन वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश सरकार र ग्रिन ब्याम्बो क्रियसन ललितपुरलगायतसँगको सहकार्यमा बाँस सम्मेलन गरेको हो ।

> सम्मेलन अवधिभर बाँससँग सम्बन्धित नीति निर्माण, खेती विस्तार, उद्यम विकास, बजारीकरणलगायत विषयमा ४४ जना विज्ञ तथा अध्येताबाट प्रस्तुत भएका २३ वटा कार्यपत्रको निचोडको आधारमा घोषणापत्र जारी गरिएको हो ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीको प्रमुख आतिथ्यमा उद्घाटन भएको बाँस सम्मेलनमा सङ्घीय सांसद, प्रदेशका मन्त्री र सांसद, गभर्नर, विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घसंस्थाका प्रमुख, जिल्लाका दशवटै स्थानीय तह तथा जिल्ला बाहिरका स्थानीय तहका प्रमुखको उपस्थिति रहेको थियो । नेपालकै इतिहासमा पहिलोपटक दिक्तेल बजारमा आयोजना गरिएको प्रथम राष्ट्रिय बाँस सम्मेलनलाई सरकारी तथा गैरसरकारी निकायका एक सय, वन उपभोक्ता समूहका एक सय, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रका ५० जना र हजारौँ विद्यार्थीले अवलोकन गरेको नगर उपप्रमुख विशन राईले जानकारी दिनुभएको छ ।

सम्मेलनको अवसरमा बाँसको उपयोगितालाई व्यवहारमा कार्यान्वयन गर्न र सरकारलाई स्थानीय सामग्री प्रयोग गर्ने नीति व्यवहारमा कार्यान्वयन गर्न/गराउन खबरदारी गर्ने उद्देश्यले उच्च पदस्थ व्यक्तिलाई बाँसको कुर्सीसमेत उपहार दिने निर्णय गरिएको गरिएको छ । बाँससम्बन्धी काम गरिरहेका विभिन्न निकायसँगको सहकार्यमा तीनवटै तहका सरकारको संयुक्त आयोजनामा प्रथम राष्ट्रिय बाँस सम्मेलन सञ्चालन भएपछि स्थानीय बाँस उद्यमी तथा व्यवसायी उत्साहित भएका छन् ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा आयोजित प्रथम राष्ट्रिय बाँस सम्मेलनका लागि नगरपालिकाले रु पाँच लाख बजेटसमेत व्यवस्थापन गरेको जनाइएको छ । तीन दिनसम्म सञ्चालन भएको प्रथम राष्ट्रिय बाँस सम्मेलनमा रु ४७ लाख बराबरको खर्च भएको नगरपालिकाले जनाएको छ ।रासस

## दूध बेचेर मासिक लाखसम्म बचत गर्दै व्यवसायी

गलकोट । विसं २०६७ मा बागलुङ नगरपालिका-५ मालिकाबाट तीनवटा भैँसी लिएर बागलुङ बजारको उपल्लाचौर स्थित आमबोट झर्नुभएका नन्दलाल सापकोटा अहिले ३५ भैँसी र सात गाईको मालिक हुनुहुन्छ ।

बागलुङ-४ उपल्लाचौर आमबोटमा केही आफ्नो र केही भाडाका गरी १५ रोपनी क्षेत्रफलमा ‘सापकोटा गाईभैँसी फार्म’ स्थापना गर्नुभएको उहाँ यो क्षेत्रकै सफल पशुपालक किसानमा चिनिँदै आउनुभएको छ ।

निरन्तर पशुपालनमा लागेपछि एक दिन सफल भइन्छ भन्ने उदाहरण १४ वर्षदेखि व्यावसायिक पशुपालनमा लाग्नुभएका सापकोटा बन्नुभएको छ । बागलुङ बजार छेउमै रहेको गाईभैँसी फार्ममा अहिले दैनिक एक सय ६० लिटर दूध उत्पादन हुँदै आएको छ । सापकोटाले उत्पादन गर्नुभएको दूध आफैँ बजारीकरण गर्दै आउनुभएको छ ।

“भारतको मेघालय क्षेत्रमा रोजगारीका लागि पुग्दा नेपालीले गाई पालेर दूध बिक्री गर्दै आएको देखेको थिएँ, त्यहीँबाट मैले गाईभैँसीपालनमा चासो दिएको थिएँ, विसं २०६७ मा जन्मथलो मालिकाबाट तीनवटा भैँसी र एउटा गाई लिएर अमबोट आएपछि दुईवटा भैँसी थपेर फार्म स्थापना गरेँ, अहिले फार्मको पूर्वाधारसहित रु एक करोड लगानी पुगिसक्यो”, उहाँले भन्नुभयो, “निरन्तर मेहनत र पशुपालन व्यवसायको अनुभवका कारण आज सफल भएको छु, अहिले पाँच जनालाई प्रत्यक्ष रोजगारी दिन सफल भएको छु ।”

व्यवसायी सापकोटाले गाई तथा भैँसीको खरिद बिक्रीसमेत गर्दै आउनुभएको छ । उहाँको फार्ममा ५२ सम्म गाईभैँसी भएको सुनाउनुभयो ।

उहाँका दुईवटा ठूला गोठमा गाईभैँसी छन् । दैनिक एक सय ६० लिटर दूध उत्पादनपश्चात बजारीकरण गर्दै आउनुभएका सापकोटा मासिक रु पाँचदेखि छ लाखसम्मको आम्दानी र मासिक रु एक लाखसम्म बचत गर्दै आएको बताउनुहुन्छ ।रासस

# किसान व्यावसायिक मौरीपालनमा आकर्षित

भोजपुर । भोजपुरको पश्चिमी क्षेत्र टेम्केमैयुङ-९ लेखर्कका स्थानीयवासी व्यावसायिक मौरीपालनमा जुटेका छन् । मौरीपालनसम्बन्धी प्राविधिकसँगै आधुनिक ज्ञान पाएपछि परम्परागत रूपमा मौरीपालन गरिरहेका किसान आधुनिक मौरीपालनमा जुटेका हुन् ।

आधुनिक मौरीपालनको विषयमा आवश्यक ज्ञान दिएर व्यावसायिक मौरीपालनमा लाग्न वडाले आवश्यक सहयोग गरेपछि सहजता भएको स्थानीयको भनाइ छ । यहाँ मौरीको प्रशस्त सम्भावना रहेकाले किसानलाई व्यावसायिक मौरीपालनमा लाग्न




वडाले आवश्यक ज्ञान, सीप दिँदै आएको छ ।

मौरीसम्बन्धी आवश्यक तालिम पाएपछि व्यावसायिक मौरीपालनमा लाग्न सहजता भएको स्थानीय मौरीपालक किसान माधवप्रसाद चौलागाईँले बताउनुभयो । विगतमा परम्परागत मुढेघारमा मौरीपालन गरिरहेको भए पनि अहिले आधुनिक घारमा मौरीपालन थालेको उहाँले जानकारी दिनुभयो । दुई चरणको तालिममा सहभागी भएसँगै आफैँले आधुनिक घार निर्माण गर्न सक्ने सीप हासिल गरेको उहाँको भनाइ छ । “मैले व्यावसायिक रूपमा मौरीपालन गरिरहेको छु”, उहाँले भन्नुभयो, “विगतमा मुढेघारमा मौरी पाल्दै आएको थिएँ । एक्काइस दिने मौरीपालनसम्बन्धी तालिम लिएपछि अहिले आधुनिक तरिकाले पालन थालेको छु ।”

मौरीपालनसम्बन्धी तालिम पाएपछि व्यावसायिक रूपमा लाग्न टेवा पुगेको स्थानीयवासी अमृत राईले बताउनुभयो । आधुनिक रूपमा मौरीपालन गरेर आर्थिक अवस्था सुधार गर्न सहयोग पुग्ने उहाँको भनाइ छ । तालिमका क्रममा मौरीपालनसम्बन्धी आवश्यक ज्ञान पाएको उहाँले बताउनुभयो । आफूसँगै अहिले १५ घार मौरी रहेको उहाँले जानकारी दिनुभयो ।

घरेलु तथा साना उद्योग कार्यालय र वडाको पहलमा २० जना मौरीपालक किसानलाई आवश्यक प्राविधिक ज्ञानसँगै आधुनिक मौरीघार निर्माणको तालिम दिइएको हो ।

यहाँका अधिकांश किसानले परम्परागत रूपमा मौरीपालन गरिरहेकाले उनीहरूलाई आधुनिक मौरीपालनमा जोड्न वडाले आवश्यक काम गरिरहेको वडाध्यक्ष नभराज माङ्गपाहाङ्गले बताउनुभयो ।

खेतबारीमा रासायनिक मल प्रयोगका कारण मौरी मासिने खतरा बढेकाले रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्नमा स्थानीयले ध्यान दिनुपर्ने उहाँको भनाइ छ । वडाले क्रमशः रासायनिक मलको प्रयोग न्यूनीकरण गर्नमा भूमिका खेलिरहेको उहाँले जानकारी दिनुभयो । पराम्परागत रूपमा हुँदै आएको मौरीपालनलाई आधुनिक प्रविधिमा जोड्न तालिमले सहयोग पुग्ने उहाँको भनाइ छ ।

“लेखर्क मौरीपालनका लागि निकै राम्रो क्षेत्र हो”, वडाध्यक्ष माङ्गपाहाङ्गले भन्नुभयो, “किसानले परम्परागत रूपमा मौरीपालन गरिरहेका छन् । पराम्परागत रूपमा गरिँदै आएको मौरीपालनलाई व्यावसायिकसँगै प्रविधिमैत्री बनाउन जोड दिएका छौँ । मौरीपालनबाट स्थानीयवासीको आर्थिक अवस्था सुधार गर्ने लक्ष्य छ । हामी मौरीपालनको स्रोत केन्द्रका रूपमा विकास गर्न लागिपरेका छौँ ।”

मौरीपालक किसानलाई लक्षित गरेर आफ्नो वडामा दुई चरणको तालिम सञ्चालन गरिएको वडाध्यक्ष माङ्गपाहाङ्गले बताउनुभयो । घरेलु तथा साना उद्योग कार्यालयमार्फत वडाको पहलमा किसानलाई तालिम दिइएको हो । वडाका चार सय ६९ घरपरिवारमध्ये दुई सय ५० बढी किसानले मौरीपालन गरिरहेको वडाध्यक्ष माङ्गपाहाङ्गले बताउनुभयो । “वडामा आर्थिक विकासको सम्भावना खोजिरहेका छौँ, किसानलाई कसरी आयआर्जनमा जोड्न सकिन्छ भनेर वडाले आवश्यक काम गरिहेको छ । धेरै किसानको रोजाइमा रहेको मौरीपालनलाई व्यावसायिकता दिन हामीले जोड दिएका छौँ”, वडाध्यक्ष माङ्गपाहाङ्गले भन्नुभयो ।

मौरीपालन किसानलाई लक्षित गरेर २१ दिनसम्म सञ्चालन गरिएको तालिममा मौरीको आधुनिक घार निर्माण, माटेघार निर्माण, कृत्रिम रानी बनाउने, एक घारबाट अर्को घारमा मौरी स्थानन्तरण गर्ने, चिसो र झरीको मौसममा मौरीलाई कसरी बचाउनेलगायत प्राविधिक ज्ञान प्रदान गरिएको प्रशिक्षक जीवनाथ बरालले जानकारी दिनुभयो । सहभागी २० अगुवा किसानलाई अभ्यास गराएर सीप प्रदान गरिएको उहाँको भनाइ छ ।रासस


## हिमालयन बैंक लिमिटेडको धितो लिलाम बिक्रीको १५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्न बुझाउन पर्ने सांवा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्तबन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता नगरेकोले तपसिलमा उल्लेखित मितिहरुमा ३५ दिने सूचना प्रकाशित गरी सम्पूर्ण सांवा, व्याज चुक्ता गर्न अनुरोध गर्दा समेत पनि आज सम्म उक्त कर्जाको सांवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपसिलमा लेखिएको सम्पति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आजका मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित स्थानमा लिलाम विक्रि गरिने हुंदा लिलाममा डाक वढावढ गरी लिन इच्छुक महानुभावहरु सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम विक्रि गरिने वारे यसै सूचना बाट जानकारी गराएका छौं ।

**तपसिल**

| शाखा कार्यालय : पिडारीचोक शाखा (साबिक जनकपुर-२ शाखा), धनुषा | |
|---|---|
| १. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २७९९५३/०७८/०७९ कायम भइ मिति २०७८/०९/०२ मा दर्ता भएको **आर्दश मत्स्य फर्म प्रा.लि. (ऋणी)**<br>**संचालक तथा व्यक्तिगत जमानी दिने: सरस्वती देवी केउटीन**<br>**व्यक्तिगत जमानी दिने: शुभ नारायण मण्डल केवट, राम नरेश मण्डल, आरती कुमारी मण्डल, विजिया देवी मण्डल र प्रदीप कुमार मण्डल**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१/०८/०७ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । | १. रघुविर मण्डलको नाति लछन मण्डल केवटको छोरा धनुषा जिल्ला झटियाही गा.वि.स. वडा नं. २ (हाल परिवर्तित हंसपुर न.पा. वडा नं. ८) बस्ने **शुभ नारायण मण्डल केवटको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला झटियाही गा.वि.स. वडा नं. २ ख (हाल परिवर्तित हंसपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ५५० को क्षेत्रफल ०-२-०-०, कित्ता नं. १६८ को क्षेत्रफल ०-१४-१६-०, कित्ता नं. ५५२ को क्षेत्रफल ०-०-१८-८, कित्ता नं. ७६९ को क्षेत्रफल ०-०-१२-६ कित्ता नं. ७७२ को क्षेत्रफल ०-४-८-८, कित्ता नं. ७७३ को क्षेत्रफल ०-०-११-८ (विघा) जग्गा समेत ।<br>२. लछन मण्डलको बुहारी शुभ नारायण मण्डल केवटको पत्नी धनुषा जिल्ला झटियाही गा.वि.स. वडा नं. २ (हाल परिवर्तित हंसपुर न.पा. वडा नं. ८) बस्ने **सरस्वती देवी केउटीनको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला झटियाही गा.वि.स. वडा नं. २ ख (हाल परिवर्तित हंसपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६६७ को क्षेत्रफल ०-०-१८-८ (विघा) जग्गा समेत । |
| २. नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग जनकपुर, धनुषामा प्रा.फ.र.नं.: १२३९५/११०६/२०७५/०७६ स्थानीय व्यापार कायम भइ मिति २०७५/०९/०८ मा दर्ता भएको **न्यू प्रदिप किराना स्टोर्स (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: विजिया देवी मण्डल**<br>**व्यक्तिगत जमानी दिने: प्रदीप कुमार मण्डल**<br>३. नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. ९७७३/१०७८/०७३/०७४ कायम भइ मिति २०७३/११/१९ मा दर्ता भएको **आदित्य ट्रेडर्स (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: प्रदीप कुमार मण्डल**<br>**व्यक्तिगत जमानी दिने: विजिया देवी मण्डल**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१/०८/०७ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । | राजेन्द्र प्रसाद मण्डलको बुहारी प्रदीप कुमार मण्डलको पत्नी शुभ नारायण मण्डल केवटको छोरी धनुषा जिल्ला हठ्ठिपुर हडवारा गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित शहिदनगर न.पा. वडा नं. ०६ ) बस्ने **विजिया देवी मण्डलको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला झटियाही गा.वि.स. वडा नं. १ (हाल परिवर्तित हंसपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. १२६२ को क्षेत्रफल ०-३-५-० (विघा) जग्गा समेत । |

**लिलामीका शर्तहरू :**

१) लिलाममा अन्तिम पटक सबै भन्दा वढी कवोल गर्ने व्यक्तिले आफुले बोलको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तुरुन्त यस बैंकमा बुझाउनु पर्नेछ । दा.खा./नामसारी गर्दा सम्बन्धित कार्यालयहरुमा लाग्ने सम्पुर्ण रजिष्ट्रेशन शुल्क, लाभकर, एकृकित सम्पत्ति, घरबाटो सिफारिस, बक्यौता कर दायित्व समेत लिलाम सकार गरी लिनेले नै वुझाउनु पर्नेछ ।
२) डांक बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । लिलाम डांक बढाबढ हुनु अगावै ऋणीको तर्फबाट बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलाम बिक्री कार्य रद्द गरिनेछ ।
३) लिलाम सकार गर्ने व्यक्तिले बैंकबाट लिलाम निश्चितको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई चल/अचल सम्पति बुझिनलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४) लिलामको दिन बैंक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
५) लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (बैंक सरकारी विदा बाहेक) पूनः लिलामको कार्य हुनेछ ।
६) लिलाम विक्री हुने चल/अचल सम्पतिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस बैंकको सम्बन्धित शाखा कार्यालयमा समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
७) यस बैंकको पिडारीचोक शाखा कार्यालयमा अपरान्ह १२:०० बजे देखी २:०० बजे सम्म लिलामको डांक बढाबढ हुनेछ ।
८) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७(७) अनुसार लिलाम विकी गर्दा कसैले नसकारेमा बैंकले उक्त सम्पतिको स्वमित्व आफुमा लिन सक्नेछ ।

**लिलाम हुने मिति : २०८१ साल चैत महिना ४ गते सोमबार ।**

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, सिटिसि सुन्धारा, काठमाडौं
फोन नं. ०१-५३६४१०४, पो.ब.नं. २०५९० काठमाडौं

# मधेश प्रदेशको कृषिबारे बजेट तर्जुमा गोष्ठी



**टुडे समाचारदाता**

वीरगञ्ज । मुलुकमा संविधान लागु भएपछि कृषिक्षेत्र प्रभावित बन्दै गएको गुनासो व्यक्त गरिएको छ । संघ ,प्रदेश र स्थानिय सरकारबीच समन्वय अभावको कारण कृषिक्षेत्र प्रभावित भएको गुनासो कृषि विज्ञहरुले व्यक्त गरेका छन् । बाराको परवानीपुर स्थित कृषि अनुसन्धान निर्देशनालयमा आगामी वर्षको लागि आयोजना भएको प्रदेशस्तरीय बजेट तर्जुमा गोष्ठी कार्यक्रमको उद्घाटन कार्यक्रममा बोल्दै कृषि वैज्ञानिहरुले गुनासो गरे ।

आइतबारदेखि परवानीपुर अनुसन्धान कार्यालयका प्रमुख डा. विशेश्वर प्रसाद यादवको अध्यक्षतामा शुरु भएको बजेट तर्जुमा गोष्ठी तिन दिनसम्म चल्ने जानकारी गराइएको थियो । गोष्ठीमा सहभागी कृषि विज्ञहरु मधेश प्रदेशमा हुने दलहन, तेलहन, आलुखेती लगायत तराईमा हुने धानवाली र लोकप्रीय मंसुली धान खेतीको लागि उन्नत बीज व्यवस्थापनलगायत अनुसन्धानात्मक कार्यहरुको बारेमा बजेट तर्जुमा गोष्ठीमा छलफल हुने छ ।

सो कार्यक्रममा बाली तथा बागबानी अनुसन्धान कार्यालयका प्रमुख डा. विनेशमान साखले मधेश प्रदेशका किसानहरुको आवश्यकता अनुसार कृषि योजना तथा कार्यक्रमहरु बनाउन सुझाव दिए । उनले आगामी वर्षको लागि आवश्यक अन्न वाली उत्पादनलाई जोड दिँदै किसानहरुको आवश्यकता तथा परिवर्तित वातावरणीय प्रभावको कारण आइपरेको चुनौती समेतलाई मध्यनजर गरी बजेट तर्जुमा गर्नुपर्ने आवश्यक औल्याए ।

कार्यक्रममा परवानीपुर अनुसन्धान निर्देशनालयका प्रमुख डा यादवले तीनवटै असरकार बीचको समन्वय कमीले गर्दा कृषकले समयमा पाउने सुविधाहरु नपाएको गुनासो गरे । उनले नयाँ संविधान लागुपछि प्रदेश र स्थानीय निकायहरुले संघीय सरकारको अधिनमा रहेका कृषि कार्यालयहरुसंगको समन्वय अभावले कृषिक्षेत्रको विकास ओझेलमा परेको गुनासो व्यक्त गरे । निर्देशक यादवले भारत र चीनको बीचमा रहेको नेपालको कृषि क्षेत्रमा बजेटको कमिले खाद्यान्य आयात क्रमिकरुपमा बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै सम्बन्धित निकायलाई सजग हुन अनुरोध गरे ।

सो कार्यक्रमको उद्घाटन सत्रमा परियोजना तथा कार्यक्रम बजेट पुनरावलोकन टोलीका निर्देशक एवम् नेपाल कृषि अनुसन्धान प्रतिष्ठानका डा. राजेन्द्र राई, राष्ट्रिय कृषि तथा पशुपंक्षी बीचका मन्त्रालय सिंहदरबारका शंकर साह, नेपाल अनुसन्धान निर्देशनालय गन्डकीका प्रमुख डा. बन्धुराज बराललगायतका कृषि विज्ञहरुले आगामी बजेट तर्जुमाको बारेमा आ-आफ्नो धारणाहरु राख्नु भएको थियो ।

# ‘मधेशी समुदायको पहिचानका लागि सबैभन्दा बढी त्याग माओवादीले गरेको छ’

**अध्यक्ष प्रचण्डले अब आफूलाई मधेशका मसिहा ठान्ने दलहरुबाट मधेशी जनताको मुक्ति सम्भव नभएकाले मधेशमुक्तिको जिम्मा सम्पूर्णरुपमा माओवादीले नै लिने प्रतिवद्धता व्यक्त गरे ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मधेशीलगायत देशका उत्पीडित समुदायको अधिकार र पहिचान स्थापित गर्न सबभन्दा बढी त्याग माओवादीले गरेको बताएका छन् ।

धनुषाको कमला नगरपालिका- ३ स्थित पर्सामा आयोजित शहीद परिवार सम्मान तथा जनभेटघाटमा महिला, जनजाति, दलित, मधेशी, मुस्लिम, थारु लगायत उत्पीडित जनताको मुक्तिका लागि हजारौं शहीदले बलिदान गरेको बताए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले मधेशी जनताको मुक्तिका लागि एक हजार तीन सय मधेशी जनताका छोराछोरीले जनयुद्धमा बलिदान गरेको बताए । मधेशी जनताको मुक्तिका लागि यति ठूलो बलिदान गरेको माओवादीकै विषयमा अनेकथरी भ्रम सिर्जना गर्ने प्रयास गरिएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले अब यो भ्रमको पर्दा च्यातेर माओवादी र मधेशी जनताबीच दह्रो एकता कायम गर्ने प्रयास गरिएको बताए ।

मधेशी जनताको मुक्तिका लागि मधेश राष्ट्रिय मुक्ति मोर्चा गठन गरेर मधेशी जनतामा जागरणको लहर ल्याउने, मधेश स्वायत्त जनसरकारमार्फत संघीयताको व्यवहारिक अभ्यास गर्ने, संविधानमार्फत संघीयत, समानुपातिक र समावेशी प्रतिनिधित्व स्थापित गर्ने, गणतन्त्र नेपालको पहिलो राष्ट्रपतिको रुपमा रामराजाप्रसाद सिंहलाई अघि सार्ने र मधेशको विकासका लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्ने लगायत महत्त्वपूर्ण काम आफ्नै



पार्टीले गरेको उनले स्पष्ट गरे ।

अध्यक्ष प्रचण्डले अब आफूलाई मधेशका मसिहा ठान्ने दलहरूबाट मधेशी जनताको मुक्ति सम्भव नभएकाले मधेशमुक्तिको जिम्मा सम्पूर्णरुपमा माओवादीले नै लिने प्रतिवद्धता व्यक्त गरे । पार्टीका सबै पदाधिकारी अहिले मधेशमा रहेको र मधेशी पोशाकमै प्रस्तुत भएको प्रसंग कोट्याउँदै उनले सो पोशाक मात्रै नभइ आफूहरुको मन पनि मधेशमा छ भन्ने विम्व भएको उनले स्पष्ट गरे ।

उनले पुराना दलको सहकार्यले उनीहरुभित्रको रोग माओवादीमा पनि संक्रमण भएकाले रोगको उपचार खोज्न जनताको बीचमा आएको बताए ।

उनले कहिले कांग्रेस र कहिले एमालेसँग सहकार्य गर्दागर्दा उनीहरूको रोग माओवादीभित्र पनि देखिन थालेकाले पार्टीभित्र विभिन्न तहका परामर्श बैठकबाट रोग पहिचान गरेर यसको उपचार गर्ने डाक्टर जनता मात्रै हुन भन्ने निष्कर्षसहित उपचार खोज्न जनताको बीचमा आएको बताए ।

माओवादीप्रति विश्वास गरेका लाखौं लाख जनताको विश्वास कायम राख्न नसक्नु कमजोरी भएको उल्लेख उनले सबैभन्दा पहिले आफ्ना कमीकमजोरी सच्याएर जनतातिर फर्कन केन्द्रीय समिति बैठकले दिएको निर्देशनअनुसार पार्टीको सन्देश बोकेर यो अभियान थालिएको बताए । हुलाकी मार्ग वरिपरि सबैभन्दा धेरै उत्पीडित वर्ग र समुदायको बसोबास रहेकाले समुदायभित्रै छिरेर जनताको मनको कुरा नजिकबाट बुझ्ने कोशिस गरिरहेको बताए । त्यहीअनुरुप जनताको घरमा बस्ने, उनीहरुले जे खान्छन्, त्यही खाने, जस्तोमा बस्छन्, त्यही बस्ने हरेको अध्यक्ष प्रचण्डले स्पस्ट गरे ।

अध्यक्ष प्रचण्डले हुलाकी मार्ग केन्द्रित अभियानले दक्षिण नेपालको रुपरेखा फेर्न सहयोग गर्ने बताए । लामो समय अलपत्र परेको हुलाकी मार्ग अघि बढाउन आफूले २०७३ मा प्रधानमन्त्रीको रुपमा भारत भ्रमण गर्दा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग छलफल गरी सहयोग सुचारु गरेपछि योजना अघि बढेको जानकारी दिए ।

प्रतिक्रियावादी दिशा उन्मुख रहेकाले नक्कली मधेशवादी दलसँग सावधान रहन उनले आग्रह गरे । मधेशको मुक्तिविना देशको मुक्ति सम्भव छैन भन्ने दृढ मान्यताका साथ पार्टीले सबैभन्दा पहिले मधेशी राष्ट्रिय मुक्ति मोर्चा गठन गरेर जनयुद्ध थालनी गरिएको स्मरण गराउँदै अध्यक्ष प्रचण्डले मधेशसँगै वर्गीय मुक्तिका लागि जीवन आहुति दिने एक हजार तीन सय मधेशका शहीद सहित मधेश मुक्तिका लागि ज्यान गुमाउने सबै सहिदका सपनाको जिम्मेवारी पनि अब माओवादीले लिने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादवले माओवादी जनयुद्ध र मधेश आन्दोलनका कारण मधेशी जनताले पहिचान, संघीयता, समावेशी, समानुपातिक अधिकार पाएको उल्लेख गर्दै मधेशवादी दल विभाजन र नातावाद कृपावादले अब मधेशको नेतृत्व गर्न सक्ने अवस्था नरहेकाले परिवर्तनको रक्षा गर्न माओवादीलाई बलियो बनाउने बेला आएको बताए । मधेशी जनताको मुक्तिका लागि आफू मधेशवादी दल छाडेर नेपाल समाजवादी पार्टी बनाएर माओवादीसँग एकताको प्रक्रियामा रहेको उल्लेख गर्दै उनले मधेसमा अब माओवादीले मात्रै बलियो शक्तिको रुपमा नेतृत्व गर्नसक्ने बताए ।

धनुषाको हंसपुर नगरपालिकामा विभिन्न पार्टी परित्याग गरी ५० नेता कार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गरेका छन् ।

# कृषि क्वारेन्टाइन नहुँदा व्यापारीलाई ठूलो समस्या

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको गौरमा कृषि क्वारेन्टाईनको नहुँदा व्यापारीलाई ठूलो समस्या भइरहेको छ । कृषि क्वारेन्टाइन अभावमा गौर भन्सार हुँदै अत्यावश्यक सामान भित्र्याउन व्यापारीलाई कठिनाइ भएको छ ।

वि.स. २०३३ सालमा जिल्ला भन्सार कार्यालय गौरको स्थापना भएको थियो । सोही समय भन्सार छेउमा स्थापना हुनुपर्ने कृषि क्वारेन्टाइन कार्यालय हालसम्म स्थापना हुन नसकेको गौर भन्सार अधिकृत अमरेन्द्र सिंहले बताए ।

गौर भन्सार स्थापनाको ४ वर्ष पछि वि.स. २०३७ सालमा सर्लाही मलंगवा भन्सार कार्यालय स्थापना गरिएको थियो । तर गौरमा कृषि क्वारेन्टाइन कार्यालयको आवश्यकता हुँदा हुँदै पनि हालसम्म त्यसप्रति कसैले चासो नलिएको रौतहट उद्योग वाणिज्य संघ



रौतहटका अध्यक्ष पण्डित प्रसाद जयसवालले गुनासो गरे । । गौरमा कृषि क्वारेन्टाइन कार्यालय स्थापनाका लागि यस अघि नै सर्वदलीय सर्वपक्षीय भेला गरेर माग गरेपनि हालसम्म सम्बन्धित निकायले कुनै सुनुवाइ नगरेको अध्यक्ष जयसवालले दुखेसो पोखे । क्वारेन्टाइन कार्यालयका सञ्चालनलागि आवश्यक भौतिक संरचना लगायत हरेक सहयोग गर्न तयार रहेको उनले प्रतिवद्धता जनाएका छन् । वीरगंज र मलंगवा भन्सारको तुलनामा भारत बिहारको सितामढी, मुजफ्फरपुर, मोतिहारी, सिमान, चकियाबाट गौर भन्सार सामान ल्याउन सम्म नाका छोटो दूरीका साथै भिडभाड कम हुने रुट रहेको छ ।

सो रुट भएर गौरसम्म सामान ल्याउन कम खर्च सँगै समय पनि कम लाग्ने गौरका व्यवसायीहरुको भनाइ रहेको छ । गौरमा कृषि क्वारेन्टाइन नहुँदा भारतबाट आलु, प्याज, धान , चमाल, मकै, दाल, फास्ट फुड र पलान्टसंग सम्बन्धित सामान आयात हुन नसकेको व्यापारीहरूको भनाइ छ । सो सामानहरू भारतबाट ल्याउन मलंगवा वीरगंज घुमेर आउनुपर्ने बाध्यता भएको व्यापारीहरूले गुनासो गरे ।

कृषि मन्त्रालयमा पटक पटक आग्रह गर्दा पनि हालसम्म कृषि क्वारेन्टाइन स्थापना हुन नसक्दा रौतहटका सैयौँ व्यापारी कठिनाइमा परेका छन् ।

# अभिभावकद्वारा जनकपुरधाम उपमहानगरलाई ध्यानाकर्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा अधिकृत अञ्जु पाण्डेयले वास्ता नगर्दा जनता माध्यमिक विद्यालय बेल्ही रजौलमा अभिभावकहरुको हक अधिकार कुण्ठित भएको तर्फ ध्यानाकर्षण गराइएको छ ।

सो विद्यालयका अभिभावकहरुको भेलाबाट चार सदस्यीय व्यवस्थापन समिति गठन गर्न चाहे पनि जनकपुरधाम उपमहानगरपालिकाले नजरअन्दाज गर्दा विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेको भन्दै ध्यानाकर्ष तथा कार्यान्वयन सम्बन्धमा पत्र बुझाएका छन् ।

जनकपुरधाम- १४ स्थित जनता मावि बेल्ही रजौलमा विगत लामा समयदेखि विद्यायल व्यवस्थापन समिति गठन नहुँदा पठन पाठन नहुँदा संस्थागत निर्णय लिन कठिनाइ भएको भन्दै ताकेता समेत गरेको थियो ।

अभिभावकहरु उदयकुमार यादव, सीताराम मुखिया, सुनैनालगायत २२ जना अभिभावकले सो पत्र जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयमा बुझाएका छन् ।




# सशस्त्र प्रहरी संघीय र नेपाल प्रहरी प्रदेश मातहत राख्नुपर्ने




**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले नेपाल सशस्त्र बल(प्रहरी)लाई संघीय सरकार मातहत, नेपाल प्रहरीलाई प्रदेश सरकार मातहत र ट्राफिक/सामुदायिक/नगर प्रहरीलाई स्थानीय सरकार मातहत स्पष्ट रूपले राख्नु पर्ने प्रस्ताव गरेका छन् ।

गृहमन्त्री रमेश लेखकद्वारा प्रतिनिधिसभामा नेपाल प्रहरी विधेयक, २०८१ र सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१ संसदमा पेश भई संसदीय प्रक्रियामा प्रवेश गरेपछि अध्यक्ष राउतले आइतबार सामाजिक सञ्जालमार्फत बेलामै सचेत रही यसमा रहेका गम्भीर प्रावधान संशोधन गर्न उनले आह्वान पनि गरेका छन् । उनले समाजिक संजालमा लेखेका छन, ‘यसरी नेपाल सशस्त्र बल (प्रहरी) लाई संघीय सरकार मातहत, नेपाल प्रहरीलाई प्रदेश सरकार मातहत र ट्राफिक-सामुदायिक-नगर प्रहरीलाई स्थानीय सरकार मातहत स्पष्ट रूपले राख्नुपर्दछ। अन्यथा भन्नलाई देशमा संघीय व्यवस्था भने पनि राणाकालीन् प्रहरी व्यवस्था भन्दा केही फरक नहुने देखिन्छ। जनता समयमै सचेत रहनुहोला ।’

उनले प्रहरी विद्येयकलाई खतरनाक रहेको संज्ञा दिदै संघीयता आए पछि सबै प्रदेश र सबै वर्गसमुदायले यसमा केही राहत पाउने आशा गरिए तापनि प्रस्तावित प्रहरी विधेयकहरूले प्रहरीको खसआर्य शासक केन्द्रीत दमनकारी मानसिकता अझ प्रगाढ हुने देखिएको र सो प्रमुख जिल्ला अधिकारी मार्फत् परिचालित हुने लेखे ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८